जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३२७ • २०८३ साल बैशाख १३ गते आइतबार (26 April, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

### सीमा क्षेत्र तस्करीमा उच्च अधिकारीको संलग्नता

# लागूऔषध, नक्कली नोट, मदिरालगायतको सुरक्षित तस्करी

**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेशका प्रहरी प्रमुख (डीआईजी) लगायतको नाम तस्करी प्रकरणमा जोडिएको बेला सर्लाही जिल्लामा उच्च अधिकारीहरुको संलग्नतामा नै तस्करी भइरहेको छ ।

सर्लाही जिल्ला तस्करीको लागि सुरक्षित हब मानिन्छ । सर्लाहीबाट नक्कली नोट, मदिरा, लागूऔषध लगायतको धन्धा सुरक्षित रुपमा भइरहेको छ ।

अधिकांश सामानहरु भारतबाट नै तस्करी भएर नेपाल आउने गरेपनि केही सामानहरु नेपालबाट भारततर्फ तस्करी हुने गरेको छ । नेपालबाट भारत तर्फ गाँजा, मदिरा, चाइनिज लहसुन, मगज (तरबुजाको बीउ) मरिच लगायतका वस्तुहरु तस्करी भएर जान्छ ।

भारतीय सीमा क्षेत्रमा एक सय रुपैयाँको भन्दा बढी मालसामान निजी प्रयोजनका लागि ल्याइए पनि भन्सार काट्नु पर्ने सरकारले परिपत्र गरे पनि तस्करहरुको हकमा भने लागु भएको छैन । सर्लाहीमा संस्थागत रुपमा तस्करी हुने गरेको छ । त्यसमा सुरक्षा अधिकारीहरुको प्रत्यक्ष संलग्नता रहेको बताइन्छ ।

तस्करीलाई केही राजनीतिक दलका नेताहरुले समेत संरक्षण र मलजल गरेको बताइन्छ । सर्लाही जिल्लामा सुरक्षा अधिकारीहरुले माथिल्लो निकायमा मोटो रकम बुझाएर आउने गरेको आरोप नौलो होइन । नक्कली नेपाली र भारतीय रुपैयाँको समेत सर्वाधिक सुरक्षित ढंगले सर्लाहीको सोनवर्सा नाकाबाट धन्धा भइरहेको स्रोतहरुले जनाएका छन् ।



सर्वसाधारणले हातमा झुण्ड्याएको झोलालाई सीमा क्षेत्रमा सुरक्षाकर्मीहरुले उल्टाइ पल्टाइ जाँच गर्छन् । तर तस्करीका ट्रक, पिकअप, मोटरसाइकलहरु निर्वाध रुपमा आउजाउ गरिरहेको देखिन्छ । लेनदेनमा बात नमिलेपछि मात्र सर्लाही सीमामा तस्करीको मालसामान बरामद हुन्छ ।

पछिल्लो पटक सर्लाहीबाट खुलेआम भारततर्फ पठाइएको भारी परिमाणमा अवैध सामान भारतीय सुरक्षा निकायले बरामद गरेको छ । भारतीय सुरक्षाकर्मीहरुले अवैध सामानसहित दुईवटा पिकअप नियन्त्रणमा लिएपछि नेपालतर्फको सुरक्षा व्यवस्था माथि गम्भीर प्रश्न खडा भएको हो ।

भारतको सीतामढी जिल्लाको नेपालसित जोडिएको सीमा क्षेत्रमा तैनाथ सशस्त्र सीमा बल (एसएसबी) ले सखुअवा र संग्रामपुर नाका हुँदै लगिएको चिनियाँ लहसुन र खरबुजाको बीउ बोकेको दुईवटा महिन्द्रा बोलेरो पिकअप नियन्त्रणमा लिएको हो । त्यसबाट 'सेटिङमा चलिरहेको तस्करी' को यथार्थ सेटिंग सार्वजनिक भएको छ ।

एसएसबीले दुई वटा पिकअपबाट बरामद गरिएको ६७ बोरा (१ हजार २ सय ६ किलोग्राम) चिनियाँ लसुन र ३ हजार ७ सय २४ किलोग्राम खरबुजाको बीउले मात्र होइन, यसले उजागर गरेको सञ्जालले झन् ठूलो प्रश्न खडा गरेको छ । नेपालतर्फबाट यति ठूलो खेप कसरी सजिलै सीमा पार गर्यो ?

स्रोतहरूका अनुसार सर्लाहीमा तस्करी लुकिछिपीको काम नभई 'प्रणालीगत धन्धा' मा परिणत भइसकेको छ । जहाँ नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सारका केही जिम्मेवार अधिकारीहरूसंग मिलेमतोमा संगठित रूपमा अवैध कारोबार भइरहेको आरोप छ ।

विशेषगरी कुख्यात तस्कर सन्तोष भण्डारी लगायतका समूहले सुरक्षाकर्मीहरूसँग 'लाइन मिलाएर' दिनदहाडै सामान ओसारपसार गर्ने गरेको स्थानीय बासिन्दाको दावी छ । अझ गम्भीर कुरा के छ भने, जिल्ला प्रहरी कार्यालयबाट 'क्राइम टोली' का नाममा खटिएका प्रहरी हवल्दार धर्मेन्द्र पटेल र प्रहरी जवान अजय सहनी नै तस्करीको सेटिङ मिलाउन सक्रिय रहेको आरोपले स्थिति झन् संवेदनशील बनेको छ ।

जिल्लाको पूर्वी नाका संग्रामपुर, सखुअवा, नारायणपुर, त्रिभुवननगरदेखि पश्चिमका भाडसर, बहादुरपुर, सिमरा, अर्नाहा, मधुवनी, बलरा, छनकी सम्म तस्करीको 'रुट' स्थापित भइसकेको स्रोतको भनाइ छ ।

तस्करी प्रकरणमा मधेश प्रदेशका डीआइजी लगायत वरिष्ठ सई, सई, असई, हवल्दारलगायतको संलग्नता पुष्टि हुने समाचारहरु बाहिरिन थालेको छ । कयौं जिल्लाका सुरक्षा अधिकारीहरू तस्करीमा संलग्न रहेको पोल पनि प्रहरीले नै खोलेका छन् ।

तस्करी सञ्जाल केवल सीमित समूहको नभइ 'माथिदेखि तलसम्मको संरक्षित नेटवर्क' रहेको छ । आइजीपीसम्मको घुमुवाहरु मधेशमा सक्रिय रहने गरेका छन् । हुन त भारतसित सीमा जोडिएको सबै जिल्लाहरुमा घुमुवा परिचालन मार्फत तस्करीको 'लाइन' मिलाइने गरिन्छ । ठूला तस्करहरुले महिनावारी रुपमा नै सुरक्षा अधिकारीहरुको भाग दिने गरेका छन् ।

तस्करी भएर भारत तर्फ जाने मालसामानहरु मध्ये एसएसबीले मदिरा फेला पार्ने बाहेक अन्य सामानमा खासै ध्यान दिएको देखिदैन । तस्करहरुले भारतीय सुरक्षाकर्मीहरुलाई समेत मिलाएका छन् ।

## सवारी कर नउठाउन आदेश

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको राजमार्गमा सवारी कर नउठाउन उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले आदेश जारी गरेको छ ।

राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग र हुलाकी राजमार्गमा चल्ने सवारीसाधनबाट कर नउठाउन अदालतले आदेश जारी गरेको छ ।

उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगञ्जका न्यायाधीशद्वय अर्जुन अधिकारी र दुर्गाप्रसाद ढुङ्गेलको संयुक्त इजलासले सर्वोच्च अदालतको उत्प्रेषणको रिट निवेदनमा विसं २०८२ फागुन २८ मा विपक्षी वीरगञ्ज महानगरपालिकासमेतका नाममा अन्तरिम आदेश जारी भइसकेको सन्दर्भमा राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा हुलाकी राजमार्गमा चल्ने सवारी साधनबाट कर उठाउन बाहेक वीरगञ्ज महानगर मातहत पर्ने सडकमा भने उठाउन सक्ने आदेश जारी गरेको छ ।

प्रतिनिधिसभा सदस्य बुद्धिप्रसाद पन्त (हरि)ले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको निषेधाज्ञा आदेशले राजमार्ग,सहायक राजमार्ग र हुलाकी राजमार्गमा स्थानीय तहले बोलपत्र आब्हान गरेर सवारी कर तथा कवाडी कर सङ्कलन गर्न नपाउने आदेश जारी गरेकोमा खुसी व्यक्त गरे ।

## जानकी नवमी सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइने राष्ट्रिय विभूति सीता उत्पत्ति दिवस तथा जयन्ती शनिबार सीताप्रति श्रद्धाका साथ भक्तिपूर्वक पूजा अर्चना गरी भव्यतापूर्वक सम्पन्न भएको छ ।

जनकी नवमीको अवसरमा जानकी मन्दिरको प्रांगणमा शनिबार विशेष कार्यक्रम आयोजना गर्दै साँझमा दीप प्रज्वलन गरिएको थियो ।

जानकी नवमी अर्थात सीताको जन्मजयन्तीको अवसरमा सात दिवसीय विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ ।



जानकीको जन्मोत्सवको अवसरमा जानकी मन्दिरको आयोजनामा विभिन्न कार्यक्रम गरी जानकी नवमी उत्सव मनाइएको जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जानकारी दिए ।

वैशाखको शुक्ल नवमीको मध्याह्नमा धर्तीबाट प्रकट भएको धर्मग्रन्थमा गरिएको वर्णन र जानकी मन्दिरको चलनलाई निरन्तरता दिँदै जानकी नवमी मनाइएको उनले बताए । शाही स्नान, जन्मोत्सव, डोला शोभा यात्रा, बधाई गानसहित जानकी नवमी उत्सव सम्पन्न गरिएको उनले बताए । यस अवसरमा नेपाल-भारतका विभिन्न स्थानका साधुसन्त पनि जनकपुरधाममा आएको उनले बताए ।

## सिन्धुली हुँदै काठमाण्डु जाने बीपी राजमार्ग बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । शनिबार दिउँसोदेखि पानी परेको कारण बीपी राजमार्गको जोखिमलाई मध्यनजर गर्दै सुरक्षा निकायद्वारा आवागमन बन्द गरिएको छ । जिल्ला प्रहरी कार्यालय धुलिखेलले बीपी राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित कटुञ्जेदेखि रोशीको मंगलटार सडकखण्ड वर्षाका कारण दिउँसोदेखि बन्द गरिएको छ ।

पानी परेको कारण रोशी खोलामा ठूलो बाढी आएकाले सम्भावित जोखिम न्यूनीकरणलाई मध्यनजर गर्दै आवागमन ठप्प गराइएको कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रविन विष्टले जानकारी दिए ।

यता राजमर्गा अवरुद्ध भएपछि सवारी साधनहरूलाई अहिले राजमार्गको प्रवेशमार्ग धुलिखेलको काभ्रेभन्ज्याङ र सिन्धुलीको नेपालथोकमा 'होल्ड' गरेर राखिएको छ । गतवर्ष असोजमा आएको बाढीपहिरोले चौकीडाँडा-नेपालथोकसडकखण्ड पूर्णरूपमा क्षतिग्रस्त बनाएपछि खोलाबाटै अस्थायी सडक एवं डाइभर्सन बनाएर यातायातका साधन सञ्चालन गर्दै आइएको थियो । अहिले सो क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको जनाइएको छ ।

Under the Management of J.E.F Pvt. Ltd
SIDDHARTHA SHISHU SADAN
BOARDING SECONDARY SCHOOL
Janakpurdham-01

नववर्ष २०८३ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सु-स्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४५ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४६ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक नारी शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई मध्यनजर गर्दै यस शैक्षिक सत्र २०८३ मा पनि विगत् झैं छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८३ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म सिमिट सिटको लागि मात्र नयाँ भर्ना लिइनेछ ।
२. प्रवेश परीक्षाको फारम वितरण : मिति २०८३-०१-०८ गते मंगलवार देखि
३. प्रवेश परीक्षाको किसिम
(क) नर्सरी देखि कक्षा ५ सम्म - मौखिक मात्र
(ख) कक्षा ६ देखि कक्षा ९ सम्म - लिखित र मौखिक दुवै ।
४. प्रवेश परीक्षा मिति :- २०८३-०१-१२ गते शनिवार
(क) पहिलो सत्र (First Shift) :- विहान ०८:०० वजे देखि ११:०० वजे सम्म
(ख) दोश्रो सत्र (Second Shift) :- दिउँसो १:०० वजे देखि ४:०० वजे सम्म
५. प्रवेश परीक्षाको नतिजा (Result) प्रकाशन :- मिति २०८३-०१-१३ बिहान ८ वजे
६. नामाङ्कन प्रारम्भ :- मिति २०८३-०१-१५ गते विहान ७ वजे देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/९८०१६७४६५८/ ९८०४८९०१८१/ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

प्राचार्य
सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम-१
Ph.no.: 041-522969, 525064,
Mob. 9801622969, 9801674658



## प्रदेश प्रमुख मियाँ र मुख्यमन्त्रीबीच भेट



कैलाली । सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख नजीर मियाँ र मुख्यमन्त्री कमलबहादुर शाहबीच शिष्टाचार भेटवार्ता भएको छ । शनिबार यहाँ प्रदेश प्रमुख निवासमा प्रदेश प्रमुख मियाँ र मुख्यमन्त्रीबीच भेटवार्ता भएको हो ।

भेटमा समसमायिक राजनीति र प्रदेशसभाको आठौं अधिवेशन आह्वानका विषयमा कुराकानी भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । मुख्यमन्त्री शाहले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम वैशाख १७ गते बिहीबार अपराह्न ४:०० बजे अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्नुभयो । रासस

# लहानमा निःशुल्क आँखा जाँच शिविर सञ्चालन

सिरहा । यहाँको लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको सहकार्यमा वडा नं १७ मा शनिबार निःशुल्क आँखा जाँच शिविर सञ्चालन गरेको छ । नगरपालिकाले विगत तीन वर्षदेखि अस्पतालसँग सम्झौता गरी नियमित रूपमा यस्ता शिविर सञ्चालन गर्दै आएको हो ।



शिविरअन्तर्गत मोतियाविन्दु पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिँदै आएको छ । शिविर उद्घाटन गर्दै नगरप्रमुख चौधरीले नगरलाई मोतियाविन्दु मुक्त बनाउने लक्ष्यसहित कार्यक्रम अघि बढाइएको जानकारी दिनुभयो । "आर्थिक अभावका कारण कुनै पनि नगरवासी आँखासम्बन्धी समस्याबाट पीडित नहोस् भन्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो । उहाँका अनुसार शिविरसँग सम्बन्धित सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्ने छ ।

यस वर्ष वडा नं १७ बाट सुरु गरिएको शिविर नगरका सबै २४ वटै वडामा सञ्चालन गरिनेछ । साथै, मोतियाविन्दु पहिचान भएका बिरामीलाई नगर बसमार्फत अस्पतालसम्म ल्याउने पुऱ्याउने व्यवस्था निःशुल्क गरिएको छ ।

सगरमाथा चौधरी आँखा अस्पतालका शिविर संयोजक राजकुमार राउतका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा लहान नगरपालिकासँगको सहकार्यमा सञ्चालन भएका शिविरमार्फत १७ हजारभन्दा बढी व्यक्तिको निःशुल्क आँखा जाँच गरिएको छ ।

तीमध्ये करिब दुई हजार ५०० जनाको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ भने आठ हजारभन्दा बढीलाई निःशुल्क चस्मा र औषधि वितरण गरिएको छ ।

अस्पतालले नेपाल तथा भारतका वार्षिक रूपमा करिब २५ लाख आँखाका बिरामीको उपचार गर्दै आएको छ । साथै, विभिन्न स्थानीय तहसँगको सहकार्यमा दक्ष जनशक्ति र आधुनिक प्रविधिसहित आँखा जाँच शिविरलाई निरन्तरता दिँदै आइएको अस्पतालले जनाएको छ । रासस

# पश्चिमी वायुको प्रभावले देशका विभिन्न भागमा बदली, केही स्थानमा वर्षा र चट्याङको सम्भावना



जनकपुरधाम । पश्चिमी र स्थानीय वायुको आंशिक प्रभावका कारण देशका विभिन्न स्थानमा बदली भई केही क्षेत्रमा वर्षा तथा चट्याङको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हाल गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भागमा सामान्यतया बदली रहेको छ भने अन्य हिमाली तथा पहाडी क्षेत्रमा आंशिक बदली भएको छ । तराई भेगमा भने मौसम मुख्यतया सफा रहेको छ । ती प्रदेशका केही स्थानमा मध्यम वर्षा तथा हिमपात भइरहेको छ ।

महाशाखाका अनुसार शनिबार दिउँसो देशका हिमाली तथा पहाडी भागमा सामान्यतया बदली रहने तथा तराई भेगमा आंशिक बदली रहनेछ । कोशी प्रदेशसहित बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका केही स्थान तथा मधेश प्रदेशसहित बागमती र गण्डकी प्रदेशका तराई क्षेत्र र लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका हिमाली एवं पहाडी भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

त्यसैगरी, आज राति देशका हिमाली भागमा सामान्यतया बदली रहने तथा पहाडी र तराई भागमा आंशिक बदली हुनेछ । कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका हिमाली भागका केही स्थानमा हल्का वर्षा वा हिमपातको सम्भावना छ ।

साथै देशका अधिकांश स्थानमा तापक्रम क्रमशः बढ्दै जाने देखिएको छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई, उपत्यका तथा खौँचमा तापक्रम बढ्ने महाशाखाको पूर्वानुमान छ । ती भेगका सर्वसाधारणलाई महाशखाले सतर्कता अपनाउन अनुरोध गरेको छ । रासस

# कर्मचारी संघको सभापतिमा यादव निर्वाचित



**टुडे समाचारदाता**

जनकपुरधाम । राजर्षि जनक विश्वविद्यालय केन्द्रीय कर्मचारी संघको सभापतिमा अमरेशकुमार यादव निर्वाचित भएको छ ।

शनिबार जनकपुरधामस्थित विश्वविद्यालय क्याम्पसमै सम्पन्न निर्वाचनमा सभापतिका उम्मेदवार रजनिश यादव र प्रशान्तकुमार झालाई पराजित गर्दै यादव सभापतिमा निर्वाचित भएका हुन् ।

सात सदस्यीय नयाँ कार्यसमितिको उपसभापतिमा लभकुमार साह, महासचिवमा भोलाप्रसाद यादव तथा कोषाध्यक्षमा सञ्जु भट्टराई निर्वाचित भएका छन् ।

यस्तै सदस्यहरूमा खुश्बु यादव, तिर्थराजप्रसाद साह र सुरेन्द्रकुमार यादव चयन भएका छन् । नवनिर्वाचित कार्यसमितिको कार्यकाल तीन वर्षको रहनेछ । यसअघि पनि अमरेशकुमार यादवले नै कर्मचारी संघको नेतृत्व सम्हालेका थिए ।

# पेट्रोलियम आयात, साठी अर्ब अठतीस करोड राजस्व सङ्कलन

वीरगञ्ज । चालु आर्थिक वर्षको प्रथम नौ महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु ६० अर्ब ३८ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु ५७ अर्ब ५३ करोड राजस्व प्राप्त भएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार वीरगञ्ज नाकाबाट उक्त अवधिमारु एक खर्ब ४८ अर्ब १६ करोड बराबरका पाँच किसिमका पेट्रोलियम पदार्थ आयात गरेर उक्त रकम राज्यकोषमा दाखिला भएको हो ।

उक्त अवधिमा आठ लाख आठ हजार सात सय ४५ किलोलिटर डिजेल, तीन लाख ५९ हजार आठ सय ४६ किलोलिटर पेट्रोल २२ करोड ४८ लाख ७५ हजार दुई सय ६६ किलोग्राम एलपी ग्यास आयात भएको छ । रासस

# चालिस प्रतिशत घरटहरा हटाइयो



काठमाण्डु । काठमाण्डुको थापाथलीस्थित बागमती नदी किनाराका घरटहरा शान्तिपूर्ण रूपमा हटाइएका छन् । हालसम्म ४० प्रतिशत टहरा हटाइएका छन् ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र काठमाडौं महानगर प्रहरीले संयुक्त रूपमा घरटहरा हटाइरहेका छन् । बल प्रयोग नगरी शान्तिपूर्ण रूपमा थापाथली क्षेत्रका करिब ४० प्रतिशत घरटहरा हटाइसकिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले राससलाई जानकारी दिनुभयो ।

"अवैध रूपमा बनाइएका संरचना हटाउन सुरक्षाकर्मीले बल प्रयोग गर्नुपर्ने अवस्था कहीँ पनि छैन । त्यहाँ बसोबास गरिरहनुभएका नागरिकले सरकारको अभियानलाई सहयोग गरिरहनुभएको छ", प्रजिअ पौडेलले भन्नुभयो, "सुकुमबासीलाई घरटहरा खाली गर्न सुरक्षाकर्मीले मद्दत गरिरहेका छन् ।" आवश्यक पर्नेलाई सुरक्षाकर्मीले मानवीय सहायता पनि गरिरहेका उहाँले जानकारी दिनुभयो ।

सरकारले दुई दिन अघि देखिनै जोखिमयुक्त सार्वजनिक क्षेत्रमा बसिरहेका सुकुमबासी तथा भूमिहीनलाई आफ्ना सरसामान, पशुचौपायलाई सुरक्षित स्थानमा सार्न आग्रह गर्दै आएको थियो ।

थापाथली क्षेत्रमा अवैध संरचान हटाउन सुरक्षाकर्मी, प्राविधिक, डोजर अपरेटर, एम्बुलेन्स, सामग्री ओसापसार गर्ने ट्रक, उद्धार गरिएको नागरिकलाई पहिलो आश्रयस्थलसम्म लैजान कर्मचारी ओसार्न प्रयोग हुँदै आएका सवारीसाधन सञ्चालन गरएका प्रजिअ पौडेलले जानकारी दिनुभयो । "धेरैले आफ्नो व्यवस्थापन आफैँ गरेका छन् । सहयोग आवश्यक पर्नेहरू सरकारसँग माग्न आउनुहुन्छ, उहाँहरूलाई सोहीअनुसार व्यवस्थापन गर्छौं," प्रजिअ पौडेलले भन्नुभयो ।

थापाथलीका सुकुमबासीलाई त्रिपुरेश्वर स्थित दशरथ रङ्गशाालामा राखिएको छ । त्यहाँ उनीहरूको विवरण सङ्कल भइरहेको छ । वास्तविक सुकुमबासी पहिचान भएपछि उहाँहरूलाई अस्थायी बसोबासका लागि व्ययवस्था गरिएको स्थानमा स्थानानतरण गरिनेछ । अस्थायी बसोबासको प्रबन्ध शहरी विकास मन्त्रालयले गरिरहेको छ ।

"सुरक्षाकर्मीहरूले उहाँहरूका सरसामग्रीको सुरक्षा, अपङ्गता भएका, ज्येष्ठ नागरिक, बिरामी, अशक्त, दीर्घरोगी, बालबालिका, गर्भवती, सुत्केरीलगायत मानवीय सहयोग उपलब्ध गराइरहनुभएको छ", प्रजिअ पौडेलले भन्नुभयो, "उपचार सेवा आवश्यक भएकालाई अपस्पताल पठाइएको छ ।" वस्तीबाट सामान सार्नका लागि सरकारी ट्रकको पनि प्रयोग गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी पौडेलले आज काठमाडौँको थापाथली क्षेत्र र गैरीगाउँ सिनामङ्गल क्षेत्रका घरहटरा हटाइने जानकारी दिनुभयो । "समयले भ्याएसम्म आजै मनोहरा क्षेत्रमा पनि त्यस्ता बस्ती हटाउन सुरु गरिनेछ", उहाँले भन्नुभयो ।

यसैबीच, मनोहराका सुकुमबासी पनि घरटहरा छाडेर गएका छन् । उनीहरूलाई सुरक्षाकर्मीले आफ्ना सामग्रीलाई सुरक्षित स्थानमा लैजान अनुरोध गरिरहेका छन् ।

प्रधानमन्त्री वालेन्द्र शाहले शनिबार र आइतबार काठमाडौँ उपत्यकाका नदी किनारामा अवैध ढङ्गले बनाइएका घरटहरा हटाउन निर्देशन दिनुभएको थियो । रासस

# शुक्लाफाँटाबाट विस्थापितका समस्या समाधानको प्रयासमा सरकार

कञ्चनपुर । कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट विस्थापित परिवारहरूको समस्या समाधानका लागि सरकार वास्तविक पीडितको पहिचान गरी प्रक्रिया अगाडि बढाउने भएको छ । निकुञ्ज विस्थापित परिवारको अभिलेख सङ्कलन, जग्गा पहिचान तथा विवरण प्रमाणीकरण प्रक्रियालाई अघि बढाउने विषयमा सरकार गम्भीर हुँदै वास्तविक पीडित पहिचान गर्न लागेको हो ।

वन तथा वातावरण र कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले निकुञ्ज प्रभावित परिवारको दीर्घकालीन व्यवस्थापनलाई प्राथमिकतामा राख्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उच्चपदाधिकारीसँग छलफल गर्नुभएको छ ।

उहाँले वास्तविक पीडितको पहिचान गरी दीर्घकालीन पुनर्स्थापना सुनिश्चित गर्न आवश्यक रहेको बताउनुभयो ।

मन्त्री चौधरीका अनुसार विगतमा विभिन्न आयोगबाट सिफारिस भएका विवरण, जग्गाधनी प्रमाणपत्र वितरण तथा अन्य आधारलाई समेत मूल्याङ्कन गर्दै वास्तविक पीडितको पहिचान गरिनेछ ।

छलफलमा निकुञ्जबाट प्रभावित परिवारहरूको अभिलेख सङ्कलन, उपलब्ध जग्गाको पहिचान तथा लागत विवरणसँग प्रमाणीकरण (भेरिफिकेसन) गर्ने विषयमा विशेष जोड दिइएको छ । साथै, तथ्यमा आधारित योजना निर्माण गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्ने छ । रासस

# काठसहित एक जना पक्राउ




**टुडे समाचारदाता**

बारा । डिभिजन वन कार्यालय बारा अन्तर्गत मधुवन सब डिभिजन वन कार्यालयको गस्ती टोलीले अवैध सालको काठसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कलैया उपमहानगरपालिका वडा नं. १५ बकुलहर बस्ने वर्ष ४८ का हिरा सहनी रहेका छन् ।

गएराति करिब १२ बजे रेञ्जर उदय पुडासैनीको नेतृत्वमा खटिएको गस्ती टोलीले नियमित अनुगमनका क्रममा साल जातको गोलिया काठ थान १, काठ काट्न प्रयोग गरिएको आरा थान १, साइकल थान १ तथा एक जना व्यक्तिलाई नियन्त्रणमा लिएको डिभिजन बन कार्यालय बाराका डिभिजनल बन अधिकृत सुजित कुमार झाले जानकारी दिए ।

वन क्षेत्रभित्र अवैध रूपमा रुख कटानी तथा काठ ओसारपसार भइरहेको सूचनाका आधारमा गस्ती टोली परिचालन गरिएको मधुवन सब डिभिजन वन कार्यालयले जनाएको छाकार्यालयका अनुसार हिरा सहनीलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको छ भने घटनासँग संलग्न अन्य व्यक्तिको खोजीसमेत भइरहेको छ

वन कार्यालयका अनुसार पछिल्लो समय वन अतिक्रमण, अवैध कटानी तथा काठ चोरी नियन्त्रणका लागि रात्री गस्तीलाई थप प्रभावकारी बनाइएको छ। वन सम्पदाको संरक्षण तथा अवैध गतिविधि नियन्त्रणमा यस्ता अभियानले महत्वपूर्ण भूमिका खेलेको कार्यालयको भनाइ छ ।

यस सफल कारबाहीमा संलग्न मधुवन सब डिभिजन वन कार्यालयका सम्पूर्ण कर्मचारीलाई डिभिजनल बन अधिकृत झाले धन्यबाद दिएका छन् ।

**वीमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको एशियन लाइफ इन्स्योरेन्सको वीमालेख मिर्चैयाबाट बन्दिपुर आउने क्रममा मिति २०८२/१२/११ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।


**नाम : सचिन कुमार यादव**
**विमालेख नं.:६७२३००१६९०४**
**ठेगाना:कर्जन्हा न.पा.-३, बन्दिपुर, सिरहा**
**मो.नं.९८१४७४१८३७**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**



**मेष :** माानसिक तनाव र चिन्ता बढ्न सक्ने हुनाले योगमा समय बिताउनु राम्रो हुन्छ।
**वृष :** रोकिएका पुराना कामहरु साथीभाईको सहयोगमा सम्पन्न हुनेछन् ।
**मिथुन :** नयाँ जिम्मेवारी वा पदोन्नतिको योग छ ।
**कर्कट :** तीर्थयात्रा वा धार्मिक भ्रमणको योजना बन्न सक्छ ।
**सिंह :** अचानक खर्च बढ्नाले आर्थिक व्यवस्थापनमा कठिनाई हुन सक्छ ।
**कन्या :** नयाँसम्झौतावाव्यापारविस्तारकालागि आजको दिन निकै राम्रो छ ।
**तुला :** मामाघर पक्षबाट केही सहयोग वा शुभ समाचार प्राप्त हुन सक्छ ।
**वृश्चिक :** विद्यार्थी वर्गका लागि अध्ययनमा प्रगति हुने समय छ ।
**धनु :** घरजग्गाको कारोबारमा हतार नगर्नुहोला।
**मकर :** सामाजिक कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर मिल्नेछ ।
**कुम्भ:** मिठो भोजनको आनन्द लिनुहुनेछ ।
**मीन:** नयाँ कामको सुरुवात गर्न आजको दिन निकै शुभ छ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**



**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

**राम मन्दिर प्रत्येक दिन**

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे

## भूकम्पको एक दशकः

# भत्किएका संरचना पुनर्निर्माणको प्रतीक्षामा



काठमाण्डु । बिर्सन खोज्दा पनि बिर्सन सकिँदैन वैशाख १२ लाई । हरेक वर्ष आउने वैशाख १२  नेपाली समाज एकैपटक अतीतमा फर्किन्छ। विसं २०७२ को भूकम्पको सम्झनाले एक पटक झस्काउँछ।

भूकम्प भएको एक दशक बिते पनि घाउ निको भएको छैन। राजधानीका गल्ली-गल्लीमा, पहाडी गाउँका पाखा-पखेरामा, अझै भत्किएका आवास ठडिन सकेको छैन। जहाँ घरभन्दा धेरै सम्झनाहरू ढलेका थिए। दशक बित्दा पनि पुनर्निर्माणको पर्खाइमा नै छन् नेपालीहरू।

भूकम्पले भत्किएका निजी आवास, विद्यालय, पुरातात्विक भवन तथा विभिन्न सरकारी भवनहरूको पुनर्निर्माणकै क्रममा छन्। विसं २०७२ वैशाख १२ गते शनिबार बिहान ११:५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएको ७.६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७९ जनाले ज्यान गुमाएका थिए। उक्त भूकम्पमा परी २२ हजार ३०९ घाइते भएका थिए।

भूकम्पले करिब १० लाख निजी आवास, सात हजार ५५३ विद्यालय, ४९ हजार ६८१ कक्षाकोठा, ५४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, ६५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो।

यसैगरी ४१५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका १७० सम्पदासहित ९२० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका ३८३ भवनमा क्षति पुगेको थियो। तीन हजार २१२ खानेपानी संरचना, ५३ सडक र २९९ मानव बस्तीमा क्षति पुगेको  थियो।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको कार्यान्वयन एकाइ (भवन तथा आवास) तथा त्यसअन्तर्गतका निकायहरूबाट सम्पादन भएका आयोजनाहरूको विवरण सार्वजनिकसमेत गरेको छ। एकाइका इन्जिनियर किशोरविक्रम शाहीका अनुसार निजी  आवास पुनर्निमाणतर्फ आठ लाख ३५ हजार १८५ लाभग्राही पहिचान भएकोमा आठ लाख ३४ हजार २६७ ले पहिलो किस्ता प्राप्त गरेका छन्।

पहिलो किस्ता प्राप्त गर्नेमध्ये सात लाख ७० हजार ७७४ (९२.४%) ले दोस्रो किस्ता र सात लाख ४४ हजार ४५ (८९.२%) ले तेस्रो किस्ताबापतको अनुदान रकम प्राप्त गरेको उहाँको भनाइ छ। एकाइले यस वर्षसम्म ९९ प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखे पनि करिब ८९ प्रतिशत मात्रै पुनर्निर्माणको कार्य सकिएको छ।

एकाइले निजी आवास पुनर्निर्माणअन्तर्गत भुक्तानी प्रक्रिया पूर्ण रूपमा अगाडि बढाउन नसक्नुका कारणबारे पनि स्पष्ट पारेको छ। एकाइ प्रमुख झप्परसिंह विश्वकर्माका अनुसार प्रारम्भिक चरणमा पहिचान भएका सबै लाभग्राहीले तोकिएको समयभित्र सम्बन्धित सरकारी निकायमा निवेदन नदिँदा भुक्तानी प्रक्रिया अधुरो रहन पुगेको बताउनुभयो।

"विसं २०७९ असार मसान्तसम्म हाम्रा कार्यालयमा निजी आवास निर्माण सम्पन्न गरेको भन्दै निवेदन दिने लाभग्राहीलाई भुक्तानी गरिएको छ", उहाँले भन्नुभयो, "यसरी तोकिएको अवधिभित्र रीतपूर्वक निवेदन दिने सेवाग्राहीको हकमा कुनै समस्या आएन। तर केही लाभग्राही सो अवधिसम्म पनि जिल्ला कार्यालयमा सम्पर्कमा नआएकाले सबैलाई समेटेर भुक्तानी गर्न सकिएको छैन।"

विश्वकर्माका अनुसार सुरुमा दर्ता भएका कतिपय लाभग्राही अझैसम्म सम्पर्कमा नआउँदा उनीहरूको भुक्तानी प्रक्रिया अघि बढ्न नसकेको हो। साथै, एकीकृत बस्ती निर्माण गर्ने योजनाअन्तर्गत केही स्थानमा जग्गा प्राप्तिमा देखिएको समस्याले पनि पुनर्निर्माण कार्य ढिला भएको विश्वकर्माले बताउनुभयो।

सरकारले पुनर्निर्माणलाई तीव्रता दिने प्रयास गरे पनि प्रशासनिक प्रक्रिया, लाभग्राहीको सहभागिता र जग्गा व्यवस्थापनजस्ता चुनौतीका कारण कार्यान्वयनमा ढिलाइ भइरहेको देखिएको छ।

सरकारले भूकम्पपछिको पुनर्निर्माणलाई प्राथमिकतामा राखे पनि कार्यान्वयन तहमा देखिएका यस्ता चुनौतीका कारण अझै निजी आवास निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको एकाइले जनाएको छ।

सरकारले उपलब्ध गराएको रु तीन लाख अनुदानले निजी आवास निर्माणको काम सम्पन्न नहुने र थप लगानीका लागि क्षमता नहुने सर्वसाधारणले ढिलो निर्माण कार्य थालनी गरेकोले पनि समय लागेको एकाइले जनाएको छ।

एकाइका अनुसार विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् आंशिक क्षति भई मर्मत गरिएका सरकारी भवन सङ्ख्या २५३ रहेका छन्। विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् सरकारी कार्यालयहरू सञ्चालन गर्नको लागि निर्माण भएका नमूना सङ्ख्या २८८ भने रहेका छन्।

विभिन्न १० जिल्लाहरू भूकम्पपश्चात् अस्थायी रुपले बसोबास गर्नको लागि बनाइएको सामुदायिक भवनको सङ्ख्या ७५६ परिवारका लागि निर्माण गरिएकोमा ५० वटा (हात विभिन्न उद्देश्यका लागि प्रयोग भइरहेको) एकाइले जनाएको छ।

सरकार तथा एसियाली विकास बैंकको सहयोगमा सम्पन्न सरकारी भवनहरूको सङ्ख्या १५१ रहेको छन्। भवन प्रवलीकरणतर्फ कूल ११ वटा राणाकालीन भवनमा आठ वटा सम्पन्न तीन वटाको प्रवलीकरण कार्य भइरहेको छ। भारतको सहयोगमा संरक्षण तथा पुनर्निर्माण भइरहेका पुरातात्विक सम्पदा आयोजना सङ्ख्या २८ छ।

यसैगरी, निर्माणाधीन आयोजना १२ वटा छन्भने एकीकृत बस्ती विकासतर्फ विभिन्न जिल्लामा ९७ वटा आयोजना सम्पन्न भइसकेका छन्। भूकम्पपछि एक हजार १२६ वटा स्वास्थ्य भवन निर्माण भएका छन्।

महालेखापरीक्षकको ६२ औँ वार्षिक प्रतिवेदनले भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण सम्पन्न गरी विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि २०७२ सालको भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला आयोजनाका कार्यक्षेत्र थिए।

प्रतिवेदनमा भूकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण, विस्थापित भएकाहरूको पुनर्वास तथा स्थानान्तरणको काम प्रभावकारी रूपमा नभएको औँल्याइएको छ।

प्रतिवेदनमा भनिएको छ, "निजी आवास पुनर्निर्माणतर्फ आठ लाख ३४ हजार ८२१ जनासँग सम्झौता भएकोमा रु दुई खर्ब ३१ अर्ब ६१ करोड र प्रवलीकरणतर्फ ३३ हजार ९०५ जनासँग सम्झौता भएकोमा रु एक अर्ब ७४ करोड ३१ लाखसमेत रु दुई खर्ब ३३ अर्ब ३५ करोड खर्च गरेको छ।"

विसं २०८१ असार मसान्तसम्म पुनर्निर्माणतर्फ प्रथम किस्ता ५५८, दोस्रो किस्ता ३७५, तेस्रो किस्ता एक हजार ५४८ लाभग्राही र प्रवलीकरणतर्फ दोस्रो तथा अन्तिम किस्ता १ हजार ७२ लाभग्राहीलाई रु २९ करोड २५ लाख रकम भुक्तानी गर्न बाँकी रहेको भन्दै प्रतिवेदनले अनुदान सम्झौतापछि पहिलो, दोस्रो तथा अन्तिम किस्ता नलिएका लाभग्राहीको अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चितता हुनुपर्ने सुझाव दिएको छ।

भूकम्पपछिको पुनर्निर्माणमा नीतिगत अन्योल, निर्माण व्यवसायीको भूमिका र लाभग्राहीको आर्थिक क्षमतासमेत प्रमुख अवरोध बनेको पूर्वाधार क्षेत्रका जानकार बताउँछन्। यस क्षेत्रका जानकार गजेन्द्र थपलियाले "पुनर्निर्माण गर्ने कि पुनःनिर्माण गर्ने" भन्ने नीतिगत स्पष्टताको अभावका कारण सुरुदेखि नै कार्यान्वयनमा अन्योल देखिएको र जसले समग्र प्रक्रिया प्रभावित बनाएको बताउनुभयो। "कतिपयले किस्ताबापत रकम लिएर पनि निर्माण कार्य अघि बढाएनन्, समयमै रकम लिन नआउने प्रवृत्तिले समेत समस्या थपिएको छ", उहाँले भन्नुभयो।

उहाँले निर्माण लागत महँगो हुँदै जानु र धेरै लाभग्राहीको आर्थिक क्षमता कमजोर हुनु पनि पुनर्निर्माण ढिलाइको अर्को मुख्य कारण भएको बताउनुभयो। "सरकारले दिएको अनुदान मात्रै पर्याप्त नहुँदा धेरैले समयमै निर्माण सुरु गर्न सकेनन्", उहाँले भन्नुभयो। भूकम्पपछिको पुनर्निर्माणका लागि रकम जुटाउन आयोजित दाता सम्मेलनमा रु चार खर्बभन्दा बढीको घोषणा भए पनि घोषणाअनुरुप सहयोग प्राप्त भएन। गोरखा भूकम्पबाट ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौँ, रसुवा, नुवाकोट, धादिङ, गोरखा र मकवानपुर गरी १४ जिल्लामा धेरै क्षति भएको थियो।

**भूकम्पीय जोखिम कायमैः**

विसं ०७२ को भूकम्पले धेरै पाठ सिकाए पनि नेपाल अझै भूकम्पीय जोखिमबाट मुक्त हुन नसकेको विज्ञहरूले बताएका छन्। खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका प्रमुख डा लोकविजय अधिकारीका अनुसार भूकम्पपछिको दशकमा केही सुधार भए पनि पूर्वतयारी र जनचेतनामा अझै कमी रहेको छ। "२०७२ सालको भूकम्पले हामीलाई के गर्ने, के नगर्ने, कसरी सुरक्षित रहने भन्ने धेरै कुरा सिकायो", उहाँले भन्नुभयो, "तर त्यत्रो मानवीय क्षति हुँदासमेत हामी फेरि बिर्सने अवस्थामा पुग्छौँ कि भन्ने चिन्ता छ।"

मुलुकमा भूकम्पको  जोखिम छ। विशेषगरी काठमाडौँदेखि चुरे क्षेत्रसम्म भूकम्पीय जोखिम उच्च रहेको उहाँले बताउनुभयो। भूकम्पपछि भवन निर्माण आचारसंहिता कार्यान्वयनमा आएको, संरचना बलियो बनाउन चेतना बढेको र केही स्थानमा सुधार देखिए पनि अझै पूर्ण रूपमा मापदण्ड पालना भएको छैन।

"सरकारी भवनमा मापदण्ड लागू भए पनि निजी तथा स्थानीय तहमा कार्यान्वयन अझै पूर्ण छैन", उहाँले भन्नुभयो, "जनतामा चेतना बढेको छ तर त्यो पर्याप्त छैन।"

डा अधिकारीले भूकम्पीय जोखिमबारे जनचेतना सीमित दिनहरूमा मात्र केन्द्रित हुने प्रवृत्तिप्रति पनि चिन्ता व्यक्त गर्नुभयो। "हामी वैशाख १२ जस्ता दिनमा मात्र सम्झिन्छौँ, तर जोखिम त सधैँ हुन्छ", उहाँले भन्नुभयो। अधिकारीका अनुसार पाठ्यक्रममा भूकम्पीय शिक्षा समावेश नहुनु, नियमित अभ्यासको अभाव र पूर्वतयारीका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु मुख्य कमजोरी हुन्। "भूकम्प अहिले नआउनु जोखिम घटेको होइन, बरु सधैँ जोखिम रहेको सङ्केत हो", उहाँले भन्नुभयो।

उहाँले पूर्वतयारी, भूकम्पीय शिक्षा, खुला स्थानको संरक्षण र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिनुपर्ने बताउनुभयो। "हामीले धेरै कुरा सिक्यौँ, तर अझै सिक्न बाँकी छ", उहाँले भन्नुभयो, "पूर्वतयारीलाई प्राथमिकता नदिए भविष्यमा जोखिम झन बढ्न सक्छ।" उहाँ २०७२ पछि भूकम्पसम्बन्धी अध्ययन तथा अनुसन्धानमा केही प्रगति हुनु सकारात्मक ठान्नुहुन्छ। रासस

## घरमै राहदानी पुऱ्याउन प्रशासन र हुलाकबीच सहकार्य

काभ्रेपलाञ्चोक। घरमै राहदानीलगायत प्रशासनिक सामग्री पुऱ्याउन काभ्रेका नागरिकलाई सरकारी सेवा सहज र सुलभ बनाउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय धुलिखेल र जिल्ला हुलाक कार्यालयबीच शुक्रबार  सम्झौता भएको छ।

सम्झौतापछि जिल्लास्थित प्रशासन कार्यालयबाट प्रदान गरिने राहदानी तथा अन्य भौतिक वस्तु सेवा अब हुलाकमार्फत नागरिकको घरमै पुऱ्याइने भएको हो। सरकारी सेवा लिन कार्यालयसम्म धाउनुपर्ने झन्झट कम गर्ने लक्ष्यसहित गरिएको यो पहलले विशेषगरी वृद्धवृद्धा, अशक्त, व्यस्त नागरिक तथा दुर्गम क्षेत्रमा बसोबास गर्ने सेवाग्राहीलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको जनाइएको छ। सेवाग्राहीले आवश्यक प्रक्रिया पूरा गरी घरमै सेवा उपलब्ध गराइदिन अनुरोध गरेमा राहदानीलगायतका सामग्री सुरक्षित रूपमा घरसम्म पुऱ्याइने भएको हो।

जिल्ला प्रशासनद्वारा आयोजित पत्रकार सम्मेलनमा सहायक प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाई र हुलाक कार्यालय प्रमुख दीपककुमार नेपालीले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो। सम्झौताअनुसार जिल्ला प्रशासन कार्यालयबाट तयार पारिएका सामग्री छिटो, सुरक्षित र जिम्मेवार ढङ्गले सम्बन्धित व्यक्तिसम्म पुऱ्याउने दायित्व जिल्ला हुलाक कार्यालयको हुनेछ। त्यस्तै, टिकट शुल्कको व्यवस्था गर्नुका साथै सेवाग्राहीको सही र स्पष्ट ठेगाना उपलब्ध गराउने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयले वहन गर्ने जनाइएको छ।

यो व्यवस्था लागू भएपछि नागरिकले राहदानी लिन लामो लाइन बस्नुपर्ने, पटक-पटक कार्यालय धाउनुपर्ने तथा अनावश्यक समय खर्च गर्नुपर्ने अवस्थाको अन्त्य हुने विश्वास गरिएको छ। सरकारी सेवामा प्रविधि र व्यवस्थापन सुधारको उदाहरणका रूपमा हेरिएको यस कदमले सेवा प्रवाहलाई अझ प्रभावकारी र जनमैत्री बनाउने अपेक्षा गरिएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताउनुभयो। उहाँकाअनुसार घरमै राहदानीलगायतका सेवा चाहनेले घरमै र सदरमुकामबाट लिने भए उल्लेख गर्न पारमा आग्रह गर्नुभएको छ। रासस

## विश्व औलो दिवस :

# नवलपरासी पूर्वमा सात जना औलोका बिरामी भेटिए



मध्यविन्दु । नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्म सात औलो(मलेरिया) का बिरामी भेटिएका छन्। प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी(बर्दघाट सुस्तापूर्व)का अनुसार चालु आर्थिक वर्षमा भेटिएका ती औलो रोगी भारतमा रोजगारी गरी फर्किएका पुरुष छन्।

ती बिरामीमध्य भारतसँग सीमा जोडिएको विनयी त्रिवेणी गाउँपालिकामा चार रहेका छन् भने हुप्सेकोट गाउँपालिका र गैँडाकोट नगरपालिका एक, एक रहेका छन्। जिल्लामा विगतका वर्ष देखिनै औलो शून्य रहे पनि आयातित(अन्य देशमा सङ्क्रमण भई यहाँ आएको) बिरामी बर्सेनि फेला पर्ने गरेको प्रदेश जनस्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन निरीक्षक डिल्लीराम तिवारीले बताउनुभयो।

"भारतमा कामका लागि गएर आफ्नो घर आउने क्रममा औलो रोग पत्ता लाग्ने बिरामी बर्सेनि देखिएको छ," उहाँले भन्नुभयो, "यहाँ नै औलो लागेको बिरामी भेटिएको छैन।"

नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा आर्थिक वर्ष २०७७/०७८ मा तीन, २०७८/०७९ र २०७९/०८० मा छ/छ, २०८०/०८१ मा चार जना र २०८१/०८२ मा १० औलोका बिरामी देखिएको थियो।

"विगत छ वर्षका सबै केश आयातित नै रहेका छन्, आयातित औलो निवारण नै नेपालका लागि मुख्य चुनौती बनेको छ," उहाँले भन्नुभयो।

नेपालमा स्थानीय औलोलाई शून्यमा पुराउन औलो बिरामीको खोजपड्ताल तथा औलो निवारणका लागि आवश्यक सूचना प्रदान गर्ने गरिएको छ। लामखुट्टेको टोकाइबाट नै यस्ता रोग फैलने हुँदा यसबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने निरीक्षक तिवारीले बताउनुभयो।

औलो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सरुवा रोग हो। औलो सङ्क्रमित 'एनोफिलज' जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो। औलो सामान्य र कडा लक्षणसहितका गरी दुई प्रकारका हुन्छन्। जसलाई समयमै उपचार नगरे ज्यानै जान सक्ने तिवारीले बताउनुभयो।

औलो रोग लागेमा सामान्यतया ज्वरो आउने, टाउको दुख्ने, वाकवाक लाग्ने, बान्ता हुने लक्षण देखिन्छ। लक्षण देखिएका व्यक्तिले तत्काल स्वास्थ्य परीक्षण गराउन उहाँले सुझाव दिनुभयो।

अप्रिल २५ अर्थात् यही वैशाख १२ गते विश्व औलो दिवस नेपालसहित विश्वभर मनाइँदै छ। यस वर्षको औलो दिवसको नारा 'औलो अन्त्य हाम्रो संकल्पः सक्षम छौँ, छैन अब विकल्प' तय गरिएको छ। रासस

## सगरमाथा दिवसका अवसरमा

# कायरोमा नेपाल–इजिप्ट मैत्री दौड



काठमाण्डु। सगरमाथा दिवस र अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा कायरोमा शुक्रबार पाँच किलोमिटर 'नेपाल-इजिप्ट मैत्री दौड' आयोजना गरिएको छ।

इजिप्टस्थित नेपाली दूतावासले त्यहाँको स्थानीय विकास तथा वातावरण मन्त्रालय र वादी डेगला संरक्षित क्षेत्रसँगको सहकार्यमा 'हिमालदेखि नाइलसम्म–हरित भविष्यका लागि दौडौँ' नारासहित उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रमको उद्घाटन इजिप्टका लागि नेपाली राजदूत सुशीलकुमार लम्साल तथा त्यहाँको स्थानीय विकास तथा वातावरण मन्त्रालयअन्तर्गत संरक्षित क्षेत्रसम्बन्धी केन्द्रीय प्रशासनका प्रमुख मोहम्मद युसुफले संयुक्त रूपमा गर्नुभएको कायरोस्थित नेपाली दूतावासले जनाएको छ।

त्यस अवसरमा राजदूत लम्सालले सहभागीहरूलाई स्वागत गर्दै सन् १९५३ मा विश्वकै सर्वोच्च शिखर सगरमाथाको पहिलो आरोहणको सम्झनामा मनाइने सगरमाथा दिवस मानव दृढता र सहकार्यको प्रतीक भएको उल्लेख गर्नुभयो।उहाँलेहालैघोषणागरिएको अन्तरराष्ट्रिय आरोग्य दिवसले शारीरिक, मानसिक, भावनात्मक, सामाजिक तथा पारिस्थितिक सन्तुलनलाई समेट्ने समग्र स्वास्थ्यको महत्व उजागर गर्ने बताउनुभयो।

राजदूत लम्सालले योग, ध्यान र प्रकृतिसँगको सामञ्जस्यजस्ता नेपालको परम्परागत अभ्यासले वातावरण संरक्षण र मानव स्वास्थ्यबीचको सम्बन्धलाई बलियो बनाउने बताउनुभयो।

प्रमुख युसुफले दूतावासले आयोजना गरेको कार्यक्रमको सराहना गर्दै यसले वातावरणीय सचेतना र दिगोपनाको सन्देश प्रवाह गरेको बताउनुभयो। उहाँले हरित भविष्य निर्माणका लागि इजिप्टको प्रतिबद्धता पुनः दोहोऱ्याउँदै दिगोपनाको पहलमा नेपालको योगदानको प्रशंसा गर्नुभयो।

करिब ३० किलोमिटर लम्बाइमा फैलिएको वादी डेगला संरक्षित मरुभूमि उपत्यकाभित्र आयोजना गरिएको दौड प्राकृतिक परिवेशमा सम्पन्न भएको थियो। यो क्षेत्रको मरुभूमि पारिस्थितिकी तन्त्र र वन्यजन्तुको संरक्षण गरिएको छ।

कार्यक्रममा कूटनीतिज्ञ, विद्यार्थी, स्थानीय खेलाडी तथा नेपाली समुदायका सदस्यसहित ३५० भन्दा बढी सहभागीको उपस्थिति थियो। रासस

# भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय अपनाउन जरुरी छः राष्ट्रपति



काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले आम जनमानसमा भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय, पूर्वतयारी, प्रतिकार्य र सोबाट बच्ने सुरक्षात्मक उपायसम्बन्धी जनचेतना फैलाउनुपर्ने आवश्यकता औँल्याउनु भएको छ।

दसौँ भूकम्प स्मृति दिवसको सन्देश जारी गर्दै उहाँले भन्नुभएको छ, "हाम्रो मुलुक प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका हुँदा आम जनमानसमा भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय, पूर्व तयारी, प्रतिकार्य र सोबाट बच्ने सुरक्षात्मक उपायसम्बन्धी जनचेतना फैलाउनु पनि उत्तिकै जरूरी रहेकोले यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरूरी छ।"

राष्ट्रपति पौडेलले गोरखा जिल्लाको बारपाक केन्द्रबिन्दु भई विसं २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पमा परी ज्यान गुमाउनु हुने सबै दिदीबहिनी तथा दाजुभाइको स्मरण गर्दै उहाँहरूप्रति श्रद्धासुमन पनि अर्पण गर्नुभएको छ। सन्देशमा भनिएको छ, 'भूकम्प एक प्राकृतिक विपत् हो। प्रत्येक वर्ष बढ्दै गएको सहरीकरणले गर्दा पनि भूकम्पीय जोखिमलाई बढाउँदै लगेको छ, भूकम्पलाई रोक्न नसके पनि यसबाट हुनसक्ने सम्भावित जोखिमबाट भने आफूलाई जोगाउन सकिन्छ।'

नेपालको भौगोलिक अवस्थिति र बनावट तथा मानव निर्मित भौतिक संरचना भूकम्पीय जोखिमका प्रमुख कारण रहेकाले सुरक्षित निर्माण र सतर्कताका अभियानमा निरन्तर लागि रहनुपर्ने उहाँको भनाइ छ। नवनिर्मित एवम् पुनर्निर्मित भौतिक संरचनामा हाम्रो मौलिकता झल्किनुका साथै भूकम्प प्रतिरोधात्मक प्रविधिको प्रयोग हुनु पर्ने छ।रासस


**कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं**

**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७६/११/०८ मा दर्ता भएको प्रा.लि.नं. २३५००६ को कृतिका मल्टिपल एग्रिकल्चरल नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पोर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



# लागुऔषधसहित पाँच जना पक्राउ



काठमाण्डु। नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट पाँच जनालाई पक्राउ गरेको छ।

चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट खैरो हेरोइनसहित बर्दिया गुलरिया नगरपालिका-१का २४ वर्षीय निकलेश गोडियालाई शुक्रबार पक्राउ गरिएको हो।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार तनहुँको देवघाट गाउँपालिका-५ सेतीभतेरी टोल बस्ने ३६ वर्षीय रोहित भन्ने कृष्ण तामाङलाई गाँजा, चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने विभिन्न औषधिसहित पक्राउ गरिएको छ। निजको घर खानतलासी गर्दा जरायोका सिङ गैँडाको छालासमेत बरामद भएको छ। यसैगरी, झापाको हल्दीबारी गाउँपालिका-३ बाङ्गे बजारबाट खैरो हेरोइनतसहित तीन जनालाई पक्राउ गरिएको छ। उनीहरू शुक्रबार पक्राउ परेका हुन्। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# महँगी छाडा नै रहने ?

सरकारले देशमा नयाँ थिति बसाल्न काम गरिरहेको छ। कतिपय कार्यको परिणाम पनि देखिन थालेको छ। कतिपय कार्यको परिणाम आउन केही समय लाग्ने छ। तर देशमा महँगी छाडा भएको छ। महँगीले जनतालाई गम्भीर आर्थिक समस्यामा पारेको छ। तर त्यसको नियन्त्रणको कुनै उपाय भएको देखिदैन। बजारमा हरेक वस्तुको मुल्य बढ्दो छ। महँगीकै कारण कतिपय वस्तु बजारबाट अलप भएको छ। महँगीलाई नियन्त्रण गर्ने सरकारी संयन्त्र निस्प्रभावी छ। हुन त सरकारले महँगी नियन्त्रण गर्न नयाँ कुनै संयन्त्र बनाएको पनि छैन। महँगीलाई नियन्त्रण नगर्ने हो भने कयौं घरबाट ग्यासको गन्ध आउन बन्द हुनेछ। नेपालीहरुले दक्षिण एसियामै हाल सर्वाधिक महँगीको मारमा परेका छन्। भारतबाट १ सय ५० रुपैयाँ नेपालीमा आउने डिजेल जनकपुरधाममा २ सय ३२ रुपैयाँ नेपालीमा बिक्री हुन्छ। इन्धनको कारोबार गर्ने नेपालमा एकमात्र नेपाल आयल निगम रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको आयल निगमले जनतालाई मारेर मुनाफा कमाउन लागेको छ। निगमका कर्मचारीहरुले महँगी भत्ता, लत्ताकपडा लगायत कयौं भत्ता र बोनस पाउँछन्। त्यस कारण आम नेपाली मारमा परिरहेका छन्। सरकारले निगमको गतिविधिलाई समेत निगरानी गर्न आवश्यक छ। विगतमा पनि निगम भित्र अनेक अनियमितता र चलखेल हुने गरेको थियो। त्यो एक प्रकारको सिस्टम बनिसकेकोले अहिले पनि चलेको हुन सक्छ। पेट्रोलियम पद्धार्थको मूल्यलाई नियन्त्रण गर्न सके धेरै वस्तुहरुको मूल्यमा कमी आउने अथवा स्थिर रहन सक्छ। त्यसका लागि सरकारको पूर्ण निगरानी आवश्यक छ। नेपाली बजारमा अहिले केरा लगायतका केही फलफूल बेपत्ता भएको छ। सरकारले भारतबाट घरायशी प्रयोजनका लागि ल्याइने समानमा समेत रोक लगाएपछि स्थिति झनै बिग्रेको छ। तस्करीलाई नियन्त्रण गर्न असफल रहेको सरकारले घरायसी प्रयोजनका लागि ल्याइने सामान बन्द गरिदिएपछि बजारमा बहुत सामानको हाहाकार भएको छ। सरकारले गर्ने हरेक निर्णय र त्यसबाट पर्ने प्रभावको विषयमा पहिले अध्यन गर्न आवश्यक छ। हचुवाको भरमा निर्णय गर्दा त्यसको परिणाम गलत भएको छ। नेपालमा पेट्रोलियम पद्धार्थको अस्वभाविक मूल्यवृद्धि र त्यस कारण बढेको महँगीलाई सरकारले ध्यान दिएको छैन। प्रधानमन्त्री बालेन्द्र साहले व्यवस्थापकीय र प्रशासनिक कार्यलाई चुस्त बनाउन ध्यान दिएको बेला बजारमा अनियन्त्रित भएको महँगीले सर्वसधारणको घरसम्म ग्यास पुग्ने बाटो बन्द हुने स्थिति भएको छ। सरकार बजारमा पनि ध्यान देउ। अनियन्त्रित बजारले सरकारको लोकप्रियतालाई घटाउने छ। हरेक मानिसले काम गरेर खान पाउनु पर्छ। सरकारले महँगीलाई नियन्त्रण गर्न आवश्यक छ।

# अतिक्रमणको यथार्थ र सामाजिक न्यायको सवाल- सुकुम्बासी बनाम शक्तिशाली अतिक्रमण



डा. राजु बैठा

नेपाली भाषामा "अतिक्रमण" शब्दले कसैको अधिकार, सीमा, नियम वा मर्यादाको उल्लङ्घन गर्दै अगाडि बढ्ने वा अवैध रूपमा आफ्नो कब्जा जमाउने कार्यलाई जनाउँछ। यसको अवधारणा कानून, सामाजिक मूल्यमान्यता, भौतिक सीमा वा व्यक्तिगत अधिकारको विपरीत हुने कुनै पनि क्रियाकलापमा केन्द्रित छ।

अतिक्रमणलाई मुख्यतः दुई रूपमा बुझिन्छ - भौतिक अतिक्रमण, जसमा सार्वजनिक जग्गा, सडक, नदी किनारा, वन क्षेत्र वा अर्काको निजी जमिनमा अवैध संरचना निर्माण गरिन्छ; र अमूर्त अतिक्रमण, जसमा अधिकार, कानून, संविधान, गोपनीयता, नैतिकता वा सामाजिक मर्यादाको उल्लङ्घन गरिन्छ।

अतिक्रमणका मुख्य विशेषताहरूमा अवैधता, एकतर्फी कार्य (जहाँ अर्को पक्षको सहमति हुँदैन), अरूको अधिकार वा सार्वजनिक सम्पदामा हानि पुर्याउने स्वभाव, र नेपाली कानून अनुसार यसलाई दण्डनीय अपराध मानिनु पर्दछ। उदाहरणका लागि, सडकको छेउमा पसल थपेर पैदलमार्ग अतिक्रमण गर्नु, कसैको खेतमा बिना अनुमति बार बनाइदिनु, वा सरकारी जग्गामा घर बनाई वा बोटबिरुवा रोपी कब्जा जमाउनु साथै कसैको अधिकार मिच्नुपनिअतिक्रमणकै अन्तर्गत पर्दछ।

### अतिक्रमणका केही अन्यप्रकारहरू

**१. सम्पत्ति / रियल इस्टेट अतिक्रमण**

सम्पत्ति वा रियल इस्टेट अतिक्रमण सबैभन्दा सामान्य प्रकार हो, जसमा व्यक्तिले आफ्नो सीमा रेखा नाघी छिमेकीको वा सार्वजनिक जमिनमा भौतिक संरचना (जस्तै बार, ड्राइभवे, बाल्कनी वा छतको ओर्लाङ) बनाउँछ। यो प्रायः नक्सांकन नगरी निर्माण गर्दा वा पुरानो सीमा चिन्ह मेटिँदा हुन्छ, जसले छिमेकीको वा सार्वजनिक सम्पत्ति उपयोगमा बाधा पुर्याई कानूनी विवाद सिर्जना गर्छ।

**२. संरचनात्मक अतिक्रमण**

संरचनात्मक अतिक्रमण विशेषगरी नयाँ भवन, पर्खाल वा ठूला संरचना निर्माण गर्दा हुन्छ, जसमा नयाँ घरको जग वा पिलर छिमेकीको जमिनमा पस्नु, सार्वजनिक स्थान (सडक, फुटपाथ, नाला) मा पर्खाल बनाई अतिक्रमण गर्नु, वा औद्योगिक चिम्नी तथा ट्याङ्की छिमेकीको उर्ध्वक्षेत्रमा जानु समावेश छ। यो सामान्यतया ठूलो मात्रामा हुने र हटाउन अत्यन्त खर्चिलो हुने अतिक्रमण हो, जसको उदाहरण नेपालमा सार्वजनिक जग्गा, सडक छेउ र खोला किनारमा गरिने अवैध घर-पर्खाल निर्माण हुन्।

**३. वनस्पति अतिक्रमण**

वनस्पति अतिक्रमण प्राकृतिक रूपमा भए पनि कानूनले अतिक्रमणकै रूपमा व्याख्या गर्छ। यसमा आफ्नो जग्गाको रूखका हाँगा छिमेकीको वा सार्वजनिक जग्गामा पसी घाम, हावा वा दृश्यमा अवरोध पुर्याउनु, रूखका जराले छिमेकीको पर्खाल वा पाइपलाइन फुटाउनु, वा धेरै अग्लो तथा फैलिएको बारले छिमेकीको जग्गा ओगट्नु पर्छ। नेपाली कानून अनुसार प्रभावित छिमेकीले आफैँ हाँगा काट्न पाउँछ (तर रूखमा प्रवेश नगरी), भने जराबाट क्षति भएमा क्षतिपूर्ति दाबी गर्न सकिन्छ।

**४. अधिकार / अमूर्त अतिक्रमण**

अधिकार वा अमूर्त अतिक्रमण भन्नाले भौतिक संरचना वा जमिन-घडेरी नभई व्यक्तिको वैधानिक अधिकार, स्वतन्त्रता, गोपनीयता, र दैनिक जीवनको शान्तिपूर्ण उपभोगमा गरिने हस्तक्षेप बुझिन्छ। यो अतिक्रमण तब हुन्छ जब कोही व्यक्ति वा संस्थाले कानूनले प्रदान गरेको सीमालाई उल्लङ्घन गर्दै अर्काको 'गैर-भौतिक क्षेत्र' मा प्रवेश गर्छ। भौतिक अतिक्रमण सजिलै देखिन्छ (जस्तै सीमामा पर्खाल), तर अमूर्त अतिक्रमण प्रायः सूक्ष्म, मौन र लामो समयसम्म चिनिँदैन। यद्यपि, यसको प्रभाव भौतिक अतिक्रमणभन्दा कम हुँदैन - कहिलेकाहीँ त यसले मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र व्यक्तिको सम्मानमा नै आघात पुर्याउँछ। नेपाली सन्दर्भमा यसलाई प्रायः बेवास्ता गरिन्छ, तर पछिल्लो समय अदालतमा यससम्बन्धी मुद्दाहरू बढ्दै गएका छन्।

अतिक्रमण जमिनको मात्र हुँदैन, र यो सुकुम्बासीले मात्र गर्ने कुरा पनि होइन। वास्तवमा, अतिक्रमणको परिधि धेरै फराकिलो छ, र यसको सबभन्दा ठूलो रूप हुनेखाने, शक्तिशाली, र पहुँच भएका वर्गहरूले नै गर्ने गरेका हुन्छन्।

### अतिक्रमण केवल जमिनसम्म सीमित छैन

समाजमा अतिक्रमण भन्नासाथ प्रायः सबैले जमिन, घर, आँगन, बारी मात्र ठान्छन्। तर वास्तविकता यो हो कि अतिक्रमण हरेक त्यो क्षेत्रमा हुन्छ जहाँ कसैको अधिकार, अवसर, पहुँच, वा स्रोतलाई अर्कोले अवैध वा अनैतिक रूपमा आफ्नो बनाउँछ। जमिनको अतिक्रमण त यसको एउटा मात्र सतही रूप हो। गहिराइमा जाँदा शिक्षा, स्वास्थ्य, रोजगार, अंश, बराबरी, समावेशिता, र अवसरको अतिक्रमण झन् गम्भीर र व्यापक छ, किनभने यसले लाखौं मानिसको भविष्य नै लुट्छ।

### शिक्षाकोक्षेत्रमा अतिक्रमण

भन्नाले सबै नागरिकले समान रूपमा पाउनुपर्ने गुणस्तरीय, सीपमूलक, प्राविधिक र राम्रो शिक्षालाई केही विशेष वर्ग, समूह वा व्यक्तिले आफ्नो पहुँच र शक्तिको प्रयोग गरी ओगट्ने कार्य हो। सरकारले नाममा सार्वजनिक विद्यालय सञ्चालन गरे पनि वास्तविक स्रोत-साधन, अनुदान, दक्ष शिक्षक र पूर्वाधार प्रायः निजी तथा बोर्डिङ स्कुलतर्फ मोडिन्छ, जसका कारण धनी वर्गले उत्कृष्ट शिक्षा पाउँदा गरिब र सुकुम्बासी परिवारले जस्तासुकै गुणस्तरहीन शिक्षामा सम्झौता गर्नुपर्छ। गुणस्तरीय शिक्षा, राम्रो शिक्षा, सीपमूलक शिक्षा, प्राविधिक शिक्षा आफ्नो वर्ग र आफन्तका लागि मात्र केन्द्रित गरेर, बाँकी कमजोर र सरकारी स्तरको शिक्षा सुकुम्बासी तथा गरिबलाई थमाइदिनु शिक्षामा अतिक्रमण हो कि होइन? उत्तरः हो, यो निस्सन्देह शिक्षाको घोर अतिक्रमण हो। किनभने शिक्षा एउटा सार्वभौम मानव अधिकार हो, कुनै एक जाति, वर्ग वा समूहको निजी सम्पत्ति होइन। जब सीप र प्रविधियुक्त शिक्षाको पहुँचमा असमानता ल्याइन्छ र ती अवसर 'हुनेखाने' का लागि मात्र सुरक्षित राखिन्छ, तब गरिब र सुकुम्बासीको भविष्य नै बन्धक राखिन्छ। यो शिक्षाको त्यो अतिक्रमण हो जसले पुस्तौंसम्म सामाजिक विभेद र आर्थिक असमानता कायम राख्न मद्दत गर्छ।

> समाजका हरेक तह, हरेक स्रोत र हरेक अवसरमा अतिक्रमण व्याप्त रहेको छ। यसलाई केवल जमिन र सुकुम्बासीको साँघुरो परिधिमा मात्र सीमित राख्नु गलत र भ्रामक हुन्छ। जब शिक्षा, स्वास्थ्य, रोजगार, अंश, बराबरी, समावेशिता र अवसरहरू नै अतिक्रमित हुन थाल्छन्, त्यसपछि त समाजको एक पक्षले अर्को पक्षको उत्थान, अस्तित्व र समृद्धिको मौलिक हक नै सर्वस्व हरण गर्छ।तसर्थ, अतिक्रमणविरुद्धको लडाइँ भूमिको मात्र सीमित संघर्ष होइन - यो सिङ्गो सामाजिक न्यायको प्रश्न हो।

### स्वास्थ्यको क्षेत्रमा अतिक्रमण

नेपालमा स्वास्थ्यको अतिक्रमण भन्नाले सबैको आधारभूत मानव अधिकार हुनुपर्ने स्वास्थ्य सेवालाई पहुँच र पैसाको आधारमा विभाजन गरी एक वर्गले ओगट्नु र अर्को वर्गलाई बेवास्ता गर्नु हो। सरकारी अस्पतालका स्रोत-साधन शहर केन्द्रित र उच्चस्तरीय व्यक्तिका लागि मात्र पर्याप्त बनाइन्छ, जबकि औषधि, बेड, ल्याब, अल्ट्रासाउन्ड, सिटी स्क्यानजस्ता सेवा तीले मात्र पाउँछन् जो पहुँच र पैसा राख्छन्। कोभिड महामारीमा भेन्टिलेटर र आइसीयू बेड 'भीआइपी' र कोही-कोहीले मात्र पाएको दृश्य हामीले प्रत्यक्ष देख्यौं। सुदूरपहाडको गरिबलाई सरकारी स्वास्थ्य सेवा नपुग्दा उसको मृत्यु हुन्छ, तर राजधानीमा एउटा स-सानो अस्वस्थतामा पनि भीआइपी उपचार लिने व्यक्तिले सार्वजनिक स्वास्थ्य प्रणालीकै अतिक्रमण गरेको हुन्छ। फलतः गरिबको मानसिक र शारीरिक स्वास्थ्य कमजोर हुन्छ भने शक्तिशालीले अत्याधुनिक सेवा उपभोग गर्छन्। संक्षेपमा, स्वास्थ्यको अतिक्रमणको अर्थ स्वस्थ बाँच्ने समान अवसरलाई छिन्नु हो - जुन नेपाली समाजको गहिरो अन्यायको एक जीवन्त उदाहरण हो।

### रोजगारकोक्षेत्रमा अतिक्रमण

नेपाली समाजमा रोजगारको अतिक्रमण एक गंभीर समस्या हो। सरकारी जागिरको परीक्षा खोल्दा पनि सिफारिस, चिठी, कनेक्सन र दलको टिकटको आधारमा आफ्नो मान्छे राखिन्छ। यसका कारण योग्य तर कनेक्सन नभएको व्यक्ति ले अवसर नै पाउँदैन। सूचना प्रकाशन नगरी वा औपचारिकता पूरा नगरी आन्तरिक प्यानलबाट मन्जुर व्यक्ति राखिन्छ। निजी क्षेत्रमा पनि गोत्र, जाति, लिङ्ग र क्षेत्रीय पूर्वाग्रहले अरूको हक ओगटिन्छ। एकपटक अवसर पाइसकेपछि पनि हाराहारी ठेक्का, कार्यादेश र कार्यसम्पादन मूल्याङ्कनलाई मिल्काएर अर्को योग्यलाई काम गर्न नदिने वा बढुवा नदिने गरिन्छ। यसरी जसले अर्काको रोजगारको ठाउँ खोस्छ, उसले उसको रोटी र प्रतिष्ठा खोसेको हुन्छ।

अब प्रश्न उठ्छ : राम्रो-राम्रो रोजगारीका अवसर र नियुक्तिहरू सबै आफैले राखेर आफ्नो नातागोता र आसेपासेलाई मात्र नियुक्त गरी सुकुम्बासीलाई यी सबै रोजगारीबाट वञ्चित गराउनु रोजगारीमा अतिक्रमण हो कि होइन? उत्तरः हो, यो निस्सन्देह रोजगारको घोर अतिक्रमण हो। किनभने सुकुम्बासी पनि योग्य छन्, तर पहुँच, जाति, सम्पर्क र आर्थिक अवस्थाका कारण उनीहरूलाई नियुक्ति प्रक्रियाबाट नै बाहिर राखिन्छ।

त्यस्तै, राज्यको विभिन्न लाभको पदमा आफू बसेर आफ्नो इष्टमित्र र आसेपासेलाई नै ती पदमा नियुक्ति गर्नु - एक समुदाय वा आफूलाई उच्च भनिनेहरूको अतिक्रमण हो कि होइन? उत्तरः हो, यो पनि अतिक्रमण नै हो। यसलाई 'पदगत वा पहुँचगत अतिक्रमण' भनिन्छ, जहाँ राज्यको सार्वजनिक सम्पत्ति, आधिकारिक पद र लाभहरू एउटै विशेष समूह वा कथित 'उच्च' वर्गभित्र केन्द्रित गरिन्छ, र अन्य समुदाय, सुकुम्बासी वा सामान्य नागरिकलाई सोही पदको अवसरबाट प्रणालीगत रूपमा बञ्चित गराइन्छ। यो शक्तिको दुरुपयोग र स्रोतको एकाधिकारको एक ज्वलन्त उदाहरण हो, जसले राज्यको समावेशिताको मूल मान्यतालाई नै कमजोर बनाउँछ।

### अंशकोक्षेत्रमा/बाँडफाँटमा अतिक्रमण

नेपाली समाजमा अंशको अतिक्रमण अझै चर्को रूपमा देखिन्छ, जहाँ पैतृक सम्पत्ति मात्र नभई राज्यका सार्वजनिक स्रोत र साधनसमेत केही पहुँचवाला वर्गले आफ्नो एकाधिकारमा पारेको छ। अंशको अधिकारबाट बञ्चित गराउनु, र सरकारी वा सामुदायिक सम्पत्तिलाई व्यक्तिगत अंश बनाउने परिपाटी पनि अतिक्रमणकै अंग हुन्। तर यो मात्र होइन - देशको विभिन्न स्रोत र साधन (जग्गा, जमिन, पहाड, जङ्गल, चरण क्षेत्र) मा पहुँचवाला मानिसको मात्र हालीमुहाली छ, र गरिब तथा सुकुम्बासीहरू यी सबैबाट वञ्चित छन्। सरकारी स्रोत र साधनमा सबै नागरिकको समान पहुँच र अंश हुन्छ। त्यसैले यी सार्वजनिक सम्पत्तिबाट सुकुम्बासी र गरिबलाई संगठित रूपमा बाहिर राखिनु, उनीहरूको सरकारी अंश (उगदष्अि कजबचभ) माथि हुने सोझो अतिक्रमण हो। यसलाई बैमानी (अन्याय) गर्नुको अर्थ उनीहरूको नैसर्गिक र संवैधानिक हक नै खोस्नु हो। अतः प्रश्नको उत्तर स्पष्ट छ - हो, यो पनि अंशको अतिक्रमण नै हो, र यो अझ ठूलो र व्यापक खालको अतिक्रमण हो जसले पुस्तौंदेखिको असमानतालाई कायम राख्छ।

### बराबरीको हकमा अतिक्रमण

नेपालको संविधानले सबै नागरिकलाई बराबर हुन पाउने हक दिएको छ, तर व्यवहारमा यो हक हरेक दिन उल्लङ्घन हो रहा छ। एउटै काम गर्दा पुरुष र महिलाले बराबर तलब नपाउने, अपाङ्गता भएका व्यक्तिलाई अवसर नदिने, उच्च पदस्थ कर्मचारीले विशेष सुविधा र सुरक्षा पाउँदा निम्न पदस्थ कर्मचारीले अभाव सहनुपर्ने स्थिति, र कानून अनुसार सबै समान छन् भनिए पनि गरिब व्यक्ति न्यायपालिकामा सजिलै फस्ने तर धनी व्यक्तिलाई थाम्न नसकिने स्थिति जस्ता उदाहरणहरू बराबरीको हकमा समस्या हुन्।

बराबरीको हकमा समस्या भयो भने त्यसको अर्थ केही विशेष व्यक्तिको हितमा कानून र अवसरहरू प्रयोग गर्नु हो। देशका हरेक निकायमा सबै जात, वर्ग, गरिब र धनी सबैको साझा सम्पत्तिको रूपमा बराबरीको हक दिनुपर्छ। सबै निकायमा सबै समुदायको समानुपातिक प्रतिनिधित्व हुनुपर्छ। तर हाम्रो देशमा उच्च वर्ग र धनी वर्गको प्रभाव अधिक भएकाले गरिब र सुकुम्बासी वर्गको पहुँच हरेक निकायमा हुन सकेको छैन।

### समानुपातिक समावेशिताको क्षेत्रमा अतिक्रमण

नेपालको संविधानले समानुपातिक समावेशिताको व्यवस्था गरेको भए पनि व्यवहारमा यसको उल्लङ्घन हो रहा छ। सरकारी निकाय, सेना, प्रहरी, शिक्षा, स्वास्थ्य र प्रशासन जस्ता क्षेत्रमा महिला, आदिवासी, दलित, मधेसी, थारू, मुस्लिम लगायतका पिछडिएको समुदायको प्रतिनिधित्व कम र निम्न तहमा सीमित छ। उच्च पदहरूमा पुग्नुपर्दा 'योग्यता' को नाममा प्रभावशाली समूहले अन्य समुदायको हक छिन्ने गरेको छ।

कानूनतः तोकिएको कोटा पारदर्शी र न्यायोचित रूपमा कार्यान्वयन नगरी 'आफ्नै मान्छे' लाई समावेशी बनाउने प्रचलन छ। बोर्ड, समिति र प्रतिनिधि निकायहरूमा नामको समावेशिता मात्र देखाइन्छ तर वास्तविक निर्णय गर्ने शक्ति एउटै समूहमा हुन्छ। यसरी समानुपातिक समावेशिताको समस्याले बहुसंख्यक पिछडिएको समुदायको आवाज, प्रतिनिधित्व र हकलाई कमजोर बनाउँछ।

### विभिन्न अवसरको समस्या

विभिन्न अवसरको समस्या सबैभन्दा व्यापक र विनाशकारी समस्या हो, किनभने यसले योग्यता र सीपलाई पन्छाउँदै प्रभाव र शक्तिलाई मात्र महत्व दिन्छ। अन्तर्राष्ट्रिय छात्रवृत्ति, रोजगार मेला, सरकारी आवास, ऋण, अनुदान, प्रोत्साहन राशि जस्ता अवसरहरू योग्य गरिब र सुकुम्बासी व्यक्तिले नपाई पहुँच भएका व्यक्तिले ओगट्ने गरेको छ। सीप नभएका व्यक्तिले स्थान पाउँछन् र योग्य व्यक्तिले वञ्चित हुनुपर्छ। अवसरको समस्याको अर्थ पहुँच र शक्तिले सबैभन्दा पहिले र धेरै लिनु र अरूलाई थोरै दिनु वा वञ्चित गर्नु हो। यो समस्या सबैभन्दा क्रूर हो किनभने मेहनत र योग्यतालाई कम महत्व दिई भ्रष्टाचार र संरक्षणवादलाई संस्थागत बनाउँछ।

### सुकुम्बासीको अतिक्रमण बनाम शक्तिशालीको अतिक्रमण

सुकुम्बासी र शक्तिशालीको अतिक्रमणको बीचमा आकाश र जमिनको फरक छ। सुकुम्बासीले जीविकाको लागि जमिनको एक सानो टुक्रा मात्र प्रयोग गरिरहेको हुन्छ, उनलाई आफ्नो नाथ्ने ठाउँ र भोलिको छानो चाहिएको छ। सुकुम्बासीको अतिक्रमण 'बाँच्ने बाटो' हो, ऐशोआरामको होइन।तर हुने-खाने, शक्तिशाली, पूँजीपति र साझा क्षेत्रमा बलियो पहुँच भएकाहरूले जङ्गलका जङ्गल (सामुदायिक वन, राष्ट्रिय वन) आफ्नो नाममा गराएर कब्जा गर्छन्, डाँडाका डाँडा आफ्नो पुर्खौली नभई पनि कागजी गोलमालले नाममा लेखाउँछन्। खोलाका पेटी पूर्ण रूपले सार्वजनिक भए पनि ओभरसियरले किल्ला बनाएर होटल, रिसोर्ट बनाउँछन्। बिघौका बिघा चरण क्षेत्रहरू - गाईभैंसी चर्ने सार्वजनिक जग्गा - पनि आफ्नो नाममा पारेर अतिक्रमण गर्छन्। जग्गा खरिद गर्ने हैसियत नभए पनि 'सरकारी निकायको मिलेमतो' गरी पहाडदेखि तराईसम्मका कित्ताकाट, प्लटिङ गरी बिक्री गर्छन्।

संक्षेपमा, गरिबको अतिक्रमण जीवनरक्षाको सीमा हो, धनीको अतिक्रमण लोभ, क्षेत्र विस्तार, र शक्ति सञ्चयको अर्को नाम हो।

### निष्कर्ष

समाजका हरेक तह, हरेक स्रोत र हरेक अवसरमा अतिक्रमण व्याप्त रहेको छ। यसलाई केवल जमिन र सुकुम्बासीको साँघुरो परिधिमा मात्र सीमित राख्नु गलत र भ्रामक हुन्छ। जब शिक्षा, स्वास्थ्य, रोजगार, अंश, बराबरी, समावेशिता र अवसरहरू नै अतिक्रमित हुन थाल्छन्, त्यसपछि त समाजको एक पक्षले अर्को पक्षको उत्थान, अस्तित्व र समृद्धिको मौलिक हक नै सर्वस्व हरण गर्छ।तसर्थ, अतिक्रमणविरुद्धको लडाइँ भूमिको मात्र सीमित सङ्घर्ष होइन - यो सिङ्गो सामाजिक न्यायको प्रश्न हो। सुकुम्बासीमाथि मात्र दोष थोपर्ने, उनीहरूको जीविकाको आधार भएको अल्प जमिन उपयोगलाई 'अतिक्रमण' को लेबल लगाउँदै, ठूला जमिनदार तथा शक्तिशाली पक्षहरूले गरेको व्यापक अवैध कब्जालाई 'कानूनी अधिकार' को सङ्ज्ञा दिने प्रचलन नै वास्तवमा सबैभन्दा घोर र विनाशकारी अतिक्रमण हो।

# समृद्धिबीच हराउँदै मानवीयता: एउटा गम्भीर आत्ममन्थन



सुजीत कुमार झा

वर्तमान नेपाली समाज विकास र विनाशको एउटा अनौठो दोसाँधमा उभिएको छ। बाह्य रूपमा हेर्दा हामी प्रविधिको सञ्जाल, आधुनिक शिक्षाको पहुँच र भौतिक पूर्वाधारको द्रुत विस्तारले घेरिएका छौं, जुन समृद्धिको एउटा मानक हुन सक्छ। तर, यो चमकधमकपूर्ण आवरणभित्र एउटा निसासिँदो रिक्तता बढ्दै गएको छ। हाम्रो समाजमा अचेल सुविधाका साधन त थपिएका छन्, तर सम्बन्धका संवेदनाहरू भने सुक्दै गइरहेका छन्। सूचनाको बाढीले हामीलाई विश्वसँग त जोडेको छ, तर आफ्नै छिमेकी र परिवारको मनसँग भने झन् झन् टाढा धकेल्दै लगेको भान हुन्छ। भौतिक वैभवको यो उकालो यात्रामा हामीले हाम्रो मौलिक पहिचान–मानवीयता, सहकार्य र नैतिक मूल्यहरूलाई कतै बाटोमै त छाडेनौं ? भन्ने गम्भीर प्रश्न आज खडा भएको छ।

यो मात्र समयको परिवर्तन होइन, बरु हाम्रो संस्कार र शिक्षा पद्धतिमा आएको वैचारिक स्खलनको प्रतिविम्ब हो। केही दशकअघिसम्म समाजको मेरुदण्ड मानिने नैतिक शिक्षा आज मात्र स्मृतिमा सीमित हुन पुगेको छ। फलस्वरूप, हामीले बौद्धिक र प्राविधिक रूपमा सक्षम जनशक्ति त पायौं, तर हृदयमा सहानुभूति र व्यवहारमा इमानदारी बोकेका नागरिकको खडेरी महसुस हुन थालेको छ। बाह्य संसारलाई जित्ने होडमा आफ्नै भित्री विवेकलाई गुमाउँदै जानु नै आजको समृद्धिको सबैभन्दा ठूलो विडम्बना हो।

### नैतिक शिक्षाको अवसान र यसको मूल्य

नैतिक शिक्षा कुनै साधारण शैक्षिक विषय मात्र होइन, यो त सभ्य समाज निर्माण गर्ने प्राणवायु हो। इमानदारी, सत्यनिष्ठा, सहानुभूति, कृतज्ञता र अनुशासन जस्ता गुणहरू कुनै प्रयोगशालामा तयार हुँदैनन्, यी त नैतिक शिक्षाको निरन्तर अभ्यासबाट विकास हुने कुरा हुन्। केही दशकअघि सम्म नेपाली विद्यालयहरूको पाठ्यक्रममा 'नैतिक शिक्षा' एउटा अनिवार्य स्तम्भका रूपमा थियो। त्यतिबेलाका पाठ्यपुस्तकमा समाविष्ट नीति-कथा र आदर्श पात्रहरूले बालबालिकालाई मात्रै अक्षर चिन्न होइन, असल र खराबबीचको भिन्नता बुझ्न सिकाउँथे।

दुर्भाग्यवश, आधुनिकताको अन्धवेगमा हामीले शिक्षालाई 'बजारमुखी' बनाउने नाममा 'मानवतामुखी' बनाउन बिर्स्यौं। आजको शिक्षा प्रणाली अंक, ग्रेड र प्रमाणपत्रको दौडमा सीमित भएको छ। विद्यार्थीहरूलाई कसरी प्रथम हुने, कसरी बढी तलब खाने जागिर पाउने र कसरी विदेश जाने भन्ने त सिकाइयो, तर आफ्नै छिमेकीको दुःखमा कसरी रुने र समाजप्रति कसरी उत्तरदायी हुने भन्ने पाठ छुट्यो। फलतः हामीले दक्ष 'रोबोट' त उत्पादन गर्‍यौं, तर संवेदनशील 'मानिस' उत्पादन गर्न चुकेका छौं।

### सामूहिकताबाट व्यक्तिवादतर्फको यात्रा

नेपाली समाजको मौलिक पहिचान नै सहकार्य र सामूहिकता थियो। हाम्रा पुर्खाहरूले सामाजिक संस्थामार्फत सुख-दुःख साट्ने संयन्त्र बनाएका थिए। बाटोमा हिँड्ने अपरिचित यात्रुलाई 'अतिथि देवो भवः' भन्दै घरको आँगनमा बास दिने र तिर्खाएको बेला शीतल पानी पिलाउने संस्कार हाम्रो रगतमा थियो। परोपकारलाई नै धर्म मानिने त्यो समाजमा मानिसहरू भौतिक रूपमा गरिब भए पनि मनका धनी थिए।

तर आज, समृद्धिले हामीलाई स्वार्थी बनाएको छ। सहरका ठूला फ्ल्याटहरूमा बस्ने छिमेकीलाई अर्को ढोकामा कसको मृत्यु भयो भन्ने थाहा हुँदैन। सहयोग गर्नुअघि मानिसहरू 'यसमा मेरो व्यक्तिगत फाइदा के छ?' भनेर सोच्न थालेका छन्। सम्बन्धहरू अब भावनामा होइन, उपयोगिता (ग्तषष्तथ) मा आधारित हुन थालेका छन्। जब स्वार्थ पूरा हुन्छ, सम्बन्धको धागो पनि चुँडिन्छ। यो बढ्दो व्यक्तिवादले समाजलाई परमाणु जस्तै टुक्रा-टुक्रा पारिरहेको छ, जहाँ मानिस भीडमा भएर पनि एक्लो महसुस गरिरहेको छ।

### कृतघ्नता: एउटा आधुनिक रोग

परिवर्तित समाजको सबैभन्दा पीडादायक पक्ष कृतघ्नता (क्षलनचबतष्तगमभ) को बढ्दो प्रवृत्ति हो। कसैले कठिन समयमा दिएको साथ, गुरुले दिएको ज्ञान वा अग्रजले देखाएको बाटोलाई सजिलै बिर्सिने र अझ उल्टै उनीहरूलाई नै अपमान गर्ने व्यवहार आज सामान्य बन्दै गएको छ। कृतज्ञता सभ्य समाजको मेरुदण्ड हो। यदि हामीले आफूलाई सहयोग गर्नेप्रति धन्यवाद र सम्मान प्रकट गर्न बिर्स्यौं भने, भोलि कसैले कसैलाई निःस्वार्थ सहयोग गर्ने साहस गर्ने छैन। जहाँ गुन सम्झिने संस्कार मर्छ, त्यहाँ मानवताको अन्त्य निश्चित छ।

### पारिवारिक संरचना र प्रविधिको छाया

नैतिक शिक्षाको पहिलो र सबैभन्दा बलियो पाठशाला परिवार हो। तर, आजको परिवारको संरचना पनि बदलिएको छ। जीविकोपार्जनको दबाब र आर्थिक महत्वाकांक्षाले गर्दा अभिभावकहरू आफ्ना सन्तानलाई पर्याप्त समय दिन सकिरहेका छैनन्। पहिले हजुरबुबा-हजुरआमाले सुनाउने दन्त्यकथा र नीति-कथाहरूले बालबालिकामा संस्कार भर्थे। आज ती कथाहरूको ठाउँ मोबाइलका स्क्रिन र सामाजिक सञ्जालले लिएका छन्। बालबालिकाहरू बाह्य संसारसँग त जोडिएका छन्, तर आफ्नै आमाबाबुको भावना बुझ्न असमर्थ भइरहेका छन्। डिजिटल संसारको कृत्रिमताले उनीहरूको वास्तविक संवेदनालाई भुत्ते बनाइदिँदै छ।

नेतृत्व र सामाजिक मूल्यको संकट

समाजको नैतिक धरातल खस्कनुमा नेतृत्वको भूमिका पनि उत्तिकै जिम्मेवार छ। जब राजनीतिक र प्रशासनिक क्षेत्रमा अनैतिकता, भ्रष्टाचार र अवसरवादले प्रश्रय पाउँछ, तब सर्वसाधारणमा 'नैतिकवान् भएर के पाइन्छ र ?' भन्ने निराशा पैदा हुन्छ। 'शक्तिशालीले जे गरे पनि हुन्छ' भन्ने दण्डहीनताको संस्कृतिले नागरिकको नैतिक साहसलाई मार्छ। समाजमा जब आदर्श पात्रहरूको खडेरी पर्छ, तब नयाँ पुस्ताले गलत बाटोलाई नै सफलताको मार्ग ठान्न थाल्छ।

### नैतिक शिक्षाको अपरिहार्यता: अबको बाटो

कानुनले अपराध रोक्न सक्छ, तर पाप रोक्न सक्दैन। कानुनले मानिसलाई डराउन सक्छ, तर इमानदार बनाउन सक्दैन। त्यसैले, नैतिक शिक्षा व्यक्तिको भित्री 'ब्रेक' हो, जसले बाह्य प्रहरी नभए पनि मानिसलाई सही मार्गमा हिँडाउँछ। नैतिकता बिनाको समृद्धि जग बिनाको घर जस्तै हो, जो जतिसुकै भव्य देखिए पनि कुनै पनि बेला ढल्न सक्छ।

आजको आवश्यकता मूल्य-आधारित विकास (ख्बगिभ-दबकभम म्भखभयिऊभलत) हो। यसका लागि निम्न कदमहरू चाल्नु ढिला भइसकेको छः

१. पाठ्यक्रममा पुनरागमनः विद्यालय शिक्षामा मात्र सूचना होइन, चरित्र निर्माणलाई प्राथमिकता दिनुपर्छ। नैतिक शिक्षालाई व्यावहारिक परियोजना र सामुदायिक सेवाका कार्यहरूसँग जोडेर अनिवार्य बनाइनुपर्छ।

२. अभिभावकको भूमिकाः घरलाई पहिलो पाठशालाका रूपमा पुनर्स्थापित गर्नुपर्छ। बालबालिकालाई ग्याजेटभन्दा बढी समय र संस्कार दिनु आजको ठूलो लगानी हो।

३. नेतृत्वको शुद्धीकरणः सार्वजनिक पदमा बस्नेहरूले आफ्नो आचरणमार्फत नैतिकताको उदाहरण पेश गर्नुपर्छ। इमानदार व्यक्तिलाई समाजले सम्मान गर्ने संस्कृतिको विकास हुनुपर्छ।

४. सञ्चारमाध्यमको उत्तरदायित्वः मिडिया र सामाजिक सञ्जालले नकारात्मकता र सनसनीभन्दा बढी प्रेरणादायी र सकारात्मक मानवीय कथाहरूलाई स्थान दिनुपर्छ।

५. कृतज्ञताको संस्कृतिः साना-साना सहयोगको कदर गर्ने र अग्रजहरूको सम्मान गर्ने परम्परालाई पुनः जीवित तुल्याउनुपर्छ।

### निष्कर्ष

समृद्धि भौतिक सुखका लागि आवश्यक छ, तर मानवता आत्मिक शान्तिका लागि अनिवार्य छ। यदि हामीले भौतिक विकासको दौडमा आफ्नो आत्मा र नैतिकता गुमायौं भने, त्यो समृद्धि मात्रै एउटा सुन्दर चिहान जस्तै हुनेछ। समाज हामी नागरिककै सामूहिक प्रतिविम्ब हो। हामीले अरूलाई औंला उठाउनुअघि आफैँभित्र नैतिकताको दियो बाल्नुपर्छ।

सभ्यताको मापन प्रतिव्यक्ति आयले मात्र होइन, बरु प्रतिव्यक्ति संवेदना र नैतिकताले गरिनुपर्छ। यदि हामीले आजैदेखि कृतज्ञता, सहानुभूति र इमानदारीलाई आफ्नो जीवनको अभिन्न हिस्सा बनाउन सकेनौं भने, हाम्रा भावी पुस्ताहरू साधन-सम्पन्न त होलान् तर उनीहरूभित्र 'मनुष्यता' बाँकी रहने छैन। त्यसैले, समृद्धिसँगै मानवतालाई जोगाउनु आजको युगको सबैभन्दा ठूलो चुनौती र साझा दायित्व दुबै हो।

# ‘सुकुमवासीले नियम पालना गरे भन्दै उत्सव मनाउनु पर्याप्त होइन’



टुडे समाचारदाता

काठमाण्डु । नेकपा एमालेका महासचिव शंकर पोखरेलले सुकुमवासीहरूका लागि सरकारले मानवीय व्यवहारका न्यायोचित समाधान दिनका लागि आग्रह गरेका छन् ।

काठमाण्डुमा सरकारले शनिबार बिहानबाट उपत्यकाका मुख्य सुकुमवासी बस्ती खाली गराउन थालेको छ ।

यसैबीच थापाथली आसपासका सुकुमवासी बस्ती खाली भइसकेको छ । महासचिव पोखरेलले सामाजिक सञ्जालमार्फत वर्षौंदेखिको बास छोड्न बाध्य भएका श्रमीकको आँखा र अनुहारमा देखिएको पीडाबोध पनि सरकारले गर्नुपर्ने उल्लेख गरे ।

‘अदृष्य त्रास र आतंकको छायाँमा आदेश पालना भयो भनेर खुसी मनाउनेहरूले वर्षौंदेखिको बास छोड्न बाध्य भएका ती श्रमिकहरुको आँखा र अनुहारमा देखिएको पीडा समेत देख्न सक्नु पर्दछ,’ पोखरेलले भनेका छन्, ‘ यिनै गरिब श्रमिकहरूको हातले शहर उठ्यो, तिनकै पसिनाले सडक, बजार र बस्ती गुल्जार भए । आज उनीहरू बाध्य भएर बस्तीवाट टाढिँदै गर्दा केवल नियम पालना भएको उत्सव मनाउनु पर्याप्त होइन ।’

उनीहरूको वेदना बुझेर सम्मानजनक विकल्प दिनु सरकारको जिम्मेवारी रहेको उनको कथन छ ।

‘पूर्ववर्ती सरकारले सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या समाधानका लागि कानूनी जटिलता महसुस गरेर बलियो कानुन बनाई भूमि आयोगमार्फत समाधानको प्रक्रिया अघि बढाएको थियो,’ पोखरेलले भनेका छन्, ‘ जनताको लोकप्रिय जनादेश पाएको बालेन सरकारले समस्याबाट आक्रान्त जनताको विश्वास र भरोसालाई सम्मान गर्दै अविलम्ब मानवीय व्यवहारका साथ न्यायोचित समाधान दिनु पर्दछ ।’

उनले विश्वास टुटेका मानिसहरुको विद्रोह कति विस्फोटक हुन्छ भन्ने कुरा बताइराख्न नपर्ने पनि बताएका छन् ।

एमाले नेता पोखरेलले भने ‘विश्वास टुटेका मानिसहरूको विद्रोह कति विस्फोटक हुन्छ भन्ने कुरा बताइरहनु पर्ने विषय होइन ।’

# राष्ट्रिय मुद्दामा साझा धारणा बनाउने गरी कांग्रेस, एमाले र नेकपाबीच संवाद

टुडे समाचारदाता

जनकपुरधाम । प्रतिपक्षमा रहेका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) ले संविधान संशोधन, कानुन निर्माण, संघीयता कार्यान्वयन जस्ता मुद्दामा साझा धारणा बनाउन संवाद शुरु गरेका छन् ।

प्रतिनिधिसभामा कांग्रेस (३७), एमाले (२५) र नेकपाको (२७) गरी ८० सिट छ । तीन दल मिल्दा सरकारलाई बलियो खबरदारी गर्न सक्ने उनीहरूको आंकलन छ । त्यसैले संसद्मा उठाउनुपर्ने साझा विषयमा उनीहरूले संवाद थालेका हुन् । संसद्मा प्रतिनिधित्व गर्ने श्रम संस्कृति पार्टी (७) र राष्ट्रिय प्रजातन्त्र पार्टी (५) ले आफ्नो तरिकाले मुद्दा उठाउँदै आएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीको एकल सरकारले संविधान संशोधन प्रक्रिया र विधेयकहरू अघि बढाइरहेकै बेला विपक्षीहरू मिल्न सक्ने विषयमा साझा धारणा बनाउन छलफलमा छन् । संसद्मा रास्वपा करिब दुई तिहाइ नजितक रहेकाले विपक्षीहरू संवैधानिक र कानुनी मुद्दामा मिल्न सक्ने विषयमा छलफलमा लागेका हुन् ।



रास्वपाको बलियो सरकार ‘स्वेच्छाचारी’ हुन सक्ने भन्दै विपक्षीहरूबीच कानुनी शासनको पक्षमा साझा धारणा बन्न सक्ने विपक्षी दलका नेताहरूको भनाइ छ । सरकारले एकल बहुमतको बलमा आवाज दबाउने चेष्टा गरे विपक्षीले एक स्वरमा प्रतिवाद गर्ने नेताहरूको भनाइ छ ।

विपक्षी दलहरूबीच मिल्न सक्ने राष्ट्रिय मुद्दाहरूमा कांग्रेस सभापति गगन थापा र नेकपा संयोजक पुष्पकमल दाहालबीच मंगलबार कुराकानी भएको थियो । दाहाल निवास हात्तीवनमा भएको भेटमा विपक्षीले संयुक्त रूपमा संसदमा खेल्न सक्ने भूमिकाबारे छलफल भएको थियो ।

एमाले अध्यक्ष केपी शर्मा ओली पत्थरीको अप्रेशन गरी आराम गरिरहेको बेला दाहाल ४ बैशाखमा शिक्षण अस्पताल महाराजगन्जमा भेट्न पुगेका थिए । भेटवार्तामा ओली र दाहालबीच सम्भावित सहकार्य गर्ने विषयमा कुराकानी भएको थियो ।

एमालेका उपाध्यक्ष रामबहादुर थापा, महासचिव शंकर पोखरेल, उपमहासचिव लेखराज भट्ट, सचिव पद्मा अर्याल र नेकपाका नेताहरू वर्षमान पुन, देव गुरुङ र शक्ति बस्नेतलगायत नेताहरूबीच पनि सहकार्यबारे अनौपचारिक संवाद भएको थियो । २१ फागुनको निर्वाचनले कमजोर बनाइदिएपछि संसद्मा प्रभावकारी प्रतिपक्षका रुपमा उभिन तीन दलले राष्ट्रिय मुद्दामा साझा धारणा बनाउने कोसिस गरिरहेका छन् ।

कांग्रेस महामन्त्री गुरू घिमिरेले राष्ट्रिय मुद्दामा विपक्षी दलहरूबीच साझा धारणा हुनु राम्रो हुने बताए । राजनीतिक दलहरूबीच द्वन्द्व बढ्दा लोकतन्त्रलाई असर गर्ने भएकाले नियमित संवाद आवश्यक भएको उनको भनाइ छ ।

एमालेले निर्वाचनलगत्तै संविधान र लोकतन्त्र, नागरिक अधिकारका विषयमा पुराना दलहरूबीच सहकार्य गर्ने निर्णय गरेको थियो ।

१८ चैतमा बसेको सचिवालय बैठकले विपक्षी दलहरूबीच सहकार्यका लागि संवाद गर्ने जिम्मा उपाध्यक्ष थापा र सचिव पद्मा अर्याललाई दिएको थियो । संसद्भित्र दलहरूसँग सहकार्य र प्रभावकारी प्रस्तुति गर्ने जिम्मेवारी थापा र अर्यालले पाएपछि छलफल सुरु गरेका थिए ।

१४ चैतमा अध्यक्ष ओली पक्राउ परेपछि एमालेले राजनीतिक प्रतिशोध भएको भन्दै विपक्षीको साथ खोजेको थियो । नेकपाले पनि २३ र २४ भदौमा भएका घटनाको निश्पक्ष छानबिन हुनुपर्ने माग गरेको थियो ।

एमाले उपाध्यक्ष रघुजी पन्तले संविधान संशोधन, आवश्यक विधेयकबारे साझा धारणा बनाउन पनि विपक्षी दलहरूबीच छलफल हुनुपर्ने बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा संयोजक दाहालले पालैपालो कांग्रेस, एमालेका नेताहरूसँग कुराकानी थालेका बताइएको छ ।

## प्रधानमन्त्री बालेनलाई साम्पाङको सुझाव- जनतालाई धेरै दुःख नदिनू



टुडे समाचारदाता

जनकपुरधाम । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले जनतालाई दुःख नदिन प्रधानमन्त्री बालेन्द्र साहलाई आग्रह गरेका छन् ।

काठमाण्डुमा शनिबार सुकुम्बासी बस्ती खाली गर्न थालिएपछि सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस लेखेर हर्कले जनतालाई दुःख नदिन आग्रह गरे ।

उनले भने, ‘बालेन जी तपाइँलाई मेरो सुझाव जनतालाई धेरै दुःख नदिनु । जग्गा जमीन तेरो न मेरो कसैको हुँदैन । सबै जना एक दिन सडेर या जलेर खरानी हुँदै माटोमा विलय हुनु पर्छ ! सत्य यही एउटा माटो हो ! त्यसैले चुनाव चिन्ह पनि माटो नै लिएर आएको म त,’ उनले लेखेका छन् ।

उनले प्रधानमन्त्री बालेनलाई विकासमा लाग्न पनि सुझाए ।

‘विकासमा लाग्नु । पुरानो जुंगाको फाइट छोड्नु । आजको मितिमा तपाईकै जुंगा लामो छ ! छोडि दनु भो,’ अध्यक्ष साम्पाङले भने ।

# दलहरूबीच सहमति नहुँदा सभामुख चयन प्रक्रिया अन्योल

बागमती । सत्तारुढ दलबीच सहमति नहुँदा बागमती प्रदेशसभाको सभामुख चयन प्रक्रिया अन्यौल बनेको छ । रिक्त सभामुख पदमा सत्तारुढ नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दाबी नछाडेपछि सहमति कायम हुन सकेको छैन ।

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जेनजी आन्दोलनलगत्तै गत असोज १ गते सभामुख पदबाट राजीनामा दिएपछि सभामुख पद रिक्त भएको थियो । प्रदेशसभाको बैठक बसेको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।




यही वैशाख ८ गते सभामुख चयनका लागि प्रक्रिया अघि बढाउने तयारी भए पनि दलहरूबीच सहमति नभएकाले ढिला भएको नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताउनुभयो । रिक्त सभामुख पदका लागि सत्तारुढ र प्रतिपक्ष दलहरूले दाबी गर्दै आएका छन् ।

> “शक्ति सन्तुलनका लागि प्रतिपक्षको दाबी स्वभाविक हो, यसले एउटा राम्रो सन्देश जान्छ ।” सत्तारुढ दलबीच कुरा मिल्यो भन्ने ठिकै छ, नत्र हामीले उम्मेदवारी दिन्छौं ।”

प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने दाबी गर्नु स्वभाविक भएको कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताउनुभयो । “एमालेले पनि सभामुखको दाबी गरिरहेको छ, हामीले सत्तारुढ दलको बीचमा सहमति कायम गरेर अघि बढ्न चाहिरहेका छौँ”, उहाँले भन्नुभयो, “ठूलो दलको नाताले कांग्रेसलाई सभामुख दिनुपर्छ भन्ने हो ।” सत्तारुढ दलबीच सहमति गरेर अघि बढ्ने उहाँको भनाइ छ ।

अर्को सत्तारुढ दल एमालेले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुख आफ्नो दलले पाउनुपर्ने दाबी गरेको छ । एमाले संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै त्यसमा दुई दलबीच कुनै विवाद नरहेको उल्लेख गर्नुभयो । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलबीच सहमति कायम गरेर सहमतिका आधारमा सभामुख चयन गर्न खोजेकाले केही ढिलाइ भएको उहाँको भनाइ छ ।

नेपाली कम्युनिष्ट पार्टीका नेता शालिकराम जम्कट्टेलले सरकार र सदनबीच सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्ष दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने बताउनुभयो । सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै उहाँले सत्तापक्षबीच सहमति नभए आफ्नो दलले सभामुखमा उम्मेदवारी दिने उल्लेख गर्नुभयो ।

“हामीले सत्तारुढ दललाई तपाईं सरकार चलाउनुस्, सदनको नेतृत्व हामीलाई दिनुस् भनिरहेका छौँ”, नेता जम्कट्टेलले भन्नुभयो, “शक्ति सन्तुलनका लागि प्रतिपक्षको दाबी स्वभाविक हो, यसले एउटा राम्रो सन्देश जान्छ ।” सत्तारुढ दलबीच कुरा मिल्यो भन्ने ठिकै छ, नत्र हामीले उम्मेदवारी दिन्छौं ।”

राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा) ले सभामुखमा आफ्नो पार्टी पनि दाबी गरेको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले आफ्ना पार्टीबाट सभामुख हुनुभएका पाठकले राजीनामा दिनुभएकाले पुनः सभामुख आफ्नो दलले पाउनुपर्ने बताउनुभयो ।

एक सय चार सदस्यीय बागमती प्रदेशसभामा नेपाली कांग्रेसको ३५, नेकपा एमालेका २५, नेपाली कम्युनिष्ट पार्टीको २६, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेशसभा सदस्य छन् । रासस

# कूटनीतिक आचरसंहिता पालनामा परराष्ट्रमन्त्रीको जोड



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले कूटनीतिक आचरसंहिता पालनामा जोड दिँदै परराष्ट्र सम्बन्ध र कूटनीतिक आचरणलाई व्यवस्थित गर्नेतर्फ वर्तमान सरकार क्रियाशील रहेको बताउनुभएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी तारकेश्वर नगरपालिका-१० ले शनिबार मनमैजुमा आयोजना गरेको कार्यक्रममा उहाँले कूटनीतिक आचरणमा प्रधानमन्त्री, मन्त्री र सार्वजनिक पद धारणा गरेका व्यक्ति सबैलाई समान रूपमा लागू गर्न आफूहरू लागिपरेको बताउनुभयो ।

“प्रधानमन्त्री, मन्त्रीलगायत सबैलाई कूटनीतिक आचरण समान रूपमा लागू गर्नका लागि हामीले तालिमको व्यवस्था गरेका छौँ”, कूटनीतिक नियम सबैले पालना गर्नुपर्नेमा जोड दिँदै परराष्ट्रमन्त्री खनालले भन्नुभयो ।

फरक प्रसङ्गमा सरकारले सुशासन र आर्थिक समृद्धिको पक्षमा काम गरिरहेको उहाँले बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रअनुसार सुशासन र समृद्धिका लागि सरकारले काम गरिरहेको उहाँले उल्लेख गर्नुभयो । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाएर सरकार अगाडि बढिरहेको उहाँले बताउनुभयो । रासस

# रास्वपा सांसद पोखरेलले मागे माफी



टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विश्वराज पोखरेलले सामाजिक सञ्जालमा सार्वजनिक भएको एक विवादास्पद भिडियोप्रति क्षमायाचना गरेका छन् ।

शनिबार जारी प्रेस विज्ञप्तिमार्फत प्रतिनिधिसभा सदस्य पोखरेलले घटनाको पूर्ण सन्दर्भ नबुझी आंशिक दृश्य मात्र सार्वजनिक हुँदा वास्तविकता त्यस्तो नभएको बताए ।

पोखरेल वैशाख ९ गते खिजिदेम्बा गाउँपालिका-२ रानीस्थित श्री चण्डेश्वरी माध्यमिक विद्यालयमा जिल्लावासीसँग भेटघाट, अन्तर्क्रिया तथा स्थानीय अवस्था बुझ्ने उद्देश्यले पुगेका थिए । उक्त क्रममा आफू विद्यालय पुग्दा प्रधानाध्यापक गेटसम्म स्वागत गर्न नआएको भन्दै उनले आक्रोश व्यक्त गरेको भिडियो सार्वजनिक भएपछि उनको व्यापक आलोचना भएको थियो ।

विज्ञप्तिमा उनले सार्वजनिक जीवनमा रहँदा बोली, व्यवहार र संयम उच्च स्तरको हुनुपर्ने स्वीकार गरेका छन् । ’मेरो अभिव्यक्ति वा व्यवहारले कसैको आत्मसम्मान र भावनामा चोट पुगेको भए हृदयदेखि क्षमायाचना गर्दछु,’ उनले उल्लेख गरेका छन् ।

यस घटनापछि उनकै दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश कार्कीले उनको व्यवहारप्रति व्यंग्यात्मक टिप्पणी गरेका थिए । त्यसपछि उनले औपचारिक रूपमा माफी मागेका हुन् ।

उनले आफू जनताको सेवकका रूपमा सदैव जिम्मेवार र मर्यादित रहने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा अझ संयमित र संवादमुखी भएर काम गर्ने बताए ।

# ‘बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन-२०२६’ विश्वव्यापी शैक्षिक सहकार्य विस्तारमा जोड राष्ट्रिय

कर्णाली । कर्णाली प्रदेशको सुर्खेत वीरेन्द्रनगरस्थत मध्यपश्चिम विश्वविद्यालयमा शुरु भएको ‘बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन-२०२६’ विश्वव्यापी शैक्षिक सहकार्य विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भारतको बिरला ग्लोबल युनिभर्सिटीसँगको सहकार्यमा मध्यपश्चिम विश्वविद्यालयद्वारा आयोजित ‘बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन’(मल्टिडिस्प्लिनियरी ईन्टरनेशनल कन्फेरेन्स)को पहिलो दिन बोल्ने स्वदेशी तथा विदेशी वक्ताले यस्तो अन्तरराष्ट्रिय सम्मेलनले ज्ञान आदानप्रदान, अनुसन्धानको स्तरवृद्धि तथा विश्वव्यापी शैक्षिक सहकार्य विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउने धारणा व्यक्त गरेका हुन् ।




बिरला ग्लोबल विश्वविद्यालयका प्रतिनिधि डिन प्राडा अर्चना चौधरी, जर्मनीबाट प्रमुख वक्ताको रूपमा निम्त्याइनुभएकी प्राडा सुसान्ने र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्राडा अच्युतप्रसाद वाग्लेसहितका वक्ताले मानव समाजमा हाल देखिएका चुनौतिको सामाना गर्न समन्वय, सहकार्य र एक भएर अगाडि बढ्नुको विकल्प नभएको बताए । उनीहरूले कृत्रिम बुद्धिमता, डिजिटल रुपान्तरण र दीगोपनको भूमिका सम्बन्धित विषयमा अन्तरविषयगत सहकार्य र विश्वव्यापी ज्ञानलाई आदानप्रदान गरी समावेशी, दीगो तथा नवप्रवर्द्धनशील समाज निर्माणमा सम्मेलन कोसेढुङ्गा सावित हुने बताउनुभयो ।

उक्त सम्मेलनमा मध्यपश्चिम विश्वविद्यालयका उपकुलपतिसहित देशभरका उपकुलपति सम्मिलित राउण्डटेबल छलफलमा विश्वविद्यालयका विद्यमान समस्या, चुनौती सम्भावना र अवसरबारे उच्चस्तरीय प्राज्ञिक मन्थन भएको थियो । जसको सहजीकरण मध्यपश्चिम विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्राडा पन्ना थापाले गर्नुभएको थियो ।

त्यसैगरी, कृत्रिम बुद्धिमत्तता र विश्वव्यापी रुपान्तरणले हाम्रो जीवनशैली, अर्थतन्त्र, शासन प्रणाली र सामाजिक संरचनामा गहिरो प्रभाव पारेकोले यो अवस्थामा दीगो भविश्य निर्माणका लागि अन्तरविषयगत सहकार्य र बहसको अपरिहार्यता दर्शाइएको मध्यपश्चिम विश्वविद्यालयका सूचना अधिकारी शेरबहादुर केसीले जानकारी दिनुभयो ।

उहँका अनुसार ‘ईन्टरडिस्प्लिनियरी सिनर्जिज फर अ सस्टेनेबल फ्यूचर ईन द एज अफ एआई एण्ड डिजिटल ट्रान्सफर मेसन’ भन्ने मूल नारामा आधारित रहेर नेपालको उच्च शिक्षा, अनुसन्धान संस्कृति, अन्तरराष्ट्रिय सहकार्य, क्षेत्रीय विकास र नीति संवादलाई एउटै साझा मञ्च जोड्ने प्रयास अनुरुप आजदेखि सुरु भएको सम्मेलन वैशाख १३ गतेसम्म सञ्चालन हुनेछ ।

सम्मेलनमा उपकुलपति प्राडा ध्रुवकुमार गौतमसहित पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा वेदराज केसी, नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा धनेश्वर नेपाल, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा हेमराज पन्त, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्राडा विजुकुमार थपलिया, काठमाडौं विश्वविद्यालयका उपकुलपति प्राडा अच्युतप्रसाद वाग्ले, गण्डकी विश्वविद्यालयका उपकुलपति प्राडा कृष्णप्रसाद अधिकारी, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्राडा अमरप्रसाद यादव, सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्राडा यज्ञराज भट्टलगायतको सहभागिता थियो । रासस

### इजरायल-लेबनान वार्ता
# प्रयाससँगै क्षेत्रीय तनाव अझ गहिरिँदै



रासस/एएफपी । युरोपेली परिषद्का अध्यक्ष एन्तोनियो कोस्टाले जलडमरूलाई कुनै पनि प्रतिबन्ध वा शुल्क बिना तत्काल पुनः खोलिनुपर्ने आवश्यकता रहेको बताउनुभएको छ । उहाँले यसलाई विश्वव्यापी अर्थतन्त्र र आपूर्ति प्रणालीका लागि अत्यन्त महत्वपूर्ण विषयका रूपमा उल्लेख गर्नुभयो ।

यसैबीच, संयुक्त राज्य अमेरिका र इरानका अधिकारीहरू पाकिस्तानतर्फ प्रस्थान गरिरहेको अवस्थामा विश्व वित्तीय बजारमा सकारात्मक प्रभाव देखिएको छ। कम्पनीहरूको राम्रो नाफा विवरणपछि वा'ल स्ट्रिटका प्रमुख शेयर सूचकाङ्कहरू नयाँ रेकर्ड स्तरमा बन्द भएका छन् । सुरक्षा अवस्थाको सन्दर्भमा, संयुक्त राज्य अमेरिकाले मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति थप सुदृढ गर्दै तेस्रो विमानवाहक युद्धपोत पनि तैनाथ गरेको छ ।

कूटनीतिक प्रयासतर्फ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र लेबनानबीच दीर्घकालीन शान्तिको सम्भावनाबारे आशावादी विचार व्यक्त गर्नुभएको छ। उहाँले हालैका भेटवार्तापछि त्रिपक्षीय संवादको सम्भावना रहेको संकेत गर्नुभयो । यद्यपि, इजरायल र लेबनान दशकौँदेखि औपचारिक रूपमा द्वन्द्वको अवस्थामा रहेका छन् ।

तर हिजबुल्लाहका संसदीय समूह प्रमुख मोहम्मद रादले लेबनान सरकारलाई इजरायलसँग प्रत्यक्ष वार्ताबाट पछि हट्न आग्रह गर्दै प्रस्तावित शान्ति सम्झौताले राष्ट्रिय सहमति नपाउने टिप्पणी गर्नुभयो । यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हिजबुल्लाहले शान्ति प्रक्रियामा अवरोध पुऱ्याउन खोजिरहेको आरोप लगाउँदै इजरायल लेबनानसँग ऐतिहासिक शान्ति स्थापना गर्ने दिशामा अघि बढिरहेको बताउनुभयो ।

दक्षिण लेबनानको टायर शहरमा भने युद्धको प्रभाव अझै गहिरो देखिएको छ। इजरायली हवाई आक्रमणमा ज्यान गुमाएका आफ्ना परिवारका सदस्यहरूको सम्झनाका वस्तुहरू खोज्दै एक व्यक्तिले आफ्नो जीवन अत्यन्त कठिन बनेको र लामो समयदेखि निद्रा नपरेको भावुक रूपमा बताएका छन् ।

# अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रमा चीनको बढ्दो प्रभाव

रासस/सिन्ह्वा । चीन विश्व शिक्षा बजारमा नयाँ प्रमुख विकास केन्द्रको रूपमा उदाउँदै गएको एक प्रतिवेदनले जनाएको छ।

बेजिङमा सार्वजनिक गरिएको 'मानवजातिको साझा भविष्य निर्माणमा योगदान गर्ने चीनमा अध्ययन' शीर्षकको



उक्त प्रतिवेदन चीनको सरकारी समाचार संस्था सिन्ह्वासम्बद्ध थिङ्क ट्याङ्क सिन्ह्वा इन्स्टिच्युटले तयार पारेको हो ।

प्रतिवेदमा अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रमा लामो समयदेखि प्रभुत्व जमाउँदै आएका केही परम्परागत शक्तिहरूको प्रभाव क्रमशः कमजोर हुँदै गएको भनिएको छ । यसको सट्टा दक्षिण कोरिया र जापानजस्ता देशहरू अध्ययन गन्तव्यका रूपमा झन् आकर्षक बन्दै गएका छन् । चीनले पछिल्ला वर्षहरूमा 'शिक्षामा बलियो देश निर्माण' भन्ने राष्ट्रिय रणनीति अघि सारेको छ । यस रणनीतिअन्तर्गत देशले आफ्नो शैक्षिक प्रणालीलाई निरन्तर सुधार गर्दै क्षमता विस्तार गरेको र शिक्षालाई आधुनिक बनाउने प्रक्रिया तीव्र पारेको प्रतिवेदनमा उल्लेख छ।

शिक्षा, अर्थतन्त्र र सामाजिक विकासलाई एकअर्कासँग समन्वय गर्दै अघि बढाउने नीतिका कारण चीनले विदेशी विद्यार्थीहरूलाई आकर्षित गर्ने बलियो आधार तयार पारेको बताइएको छ । विश्वविद्यालयहरूको स्तर सुधार, अनुसन्धान क्षमताको विस्तार र अन्तर्राष्ट्रिय सहकार्यका कारण चीन अध्ययनका लागि विश्वका विद्यार्थीहरूका लागि महत्त्वपूर्ण गन्तव्य बन्दै गएको छ ।

प्रतिवेदन अनुसार हालसम्म चीनले विश्वका एक सय त्रियासी देश तथा क्षेत्रसँग शैक्षिक सहकार्य स्थापना गरिसकेको छ । त्यस्तै, एकसाठी देशसँग शैक्षिक डिग्री आपसी मान्यताको सम्झौता भएको छ र पैँतालीस संयुक्त शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

यसका साथै चीनले अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूसँगको सहकार्यलाई निरन्तर विस्तार गरिरहेको छ । यसले चीनको शैक्षिक प्रणालीलाई विश्वव्यापी बनाउँदै यसको प्रभाव र पहुँचलाई उल्लेखनीय रूपमा बढाएको प्रतिवेदनले निष्कर्ष निकालेको छ ।

### गाजा सङ्कट गहिरिँदैः
# मृतक सङ्ख्या बढ्दो



रासस/सिन्ह्वा । गाजा क्षेत्रमा शुक्रबार इजरायली आक्रमणका क्रममा कम्तीमा १० जना प्यालेस्टिनीको मृत्यु भएको छ, जसमा हमासद्वारा सञ्चालित आन्तरिक सुरक्षा निकायसँग आबद्ध ७ जना प्रहरी पनि रहेका छन् ।

स्थानीय स्रोत र प्रत्यक्षदर्शीका अनुसार उत्तरी गाजाको बेइत लाहिया क्षेत्रमा रहेको कमाल अडवान अस्पताल नजिकका आवासीय घरहरूमा इजरायली तोपखानाले गोलाबारी गरेको थियो। उक्त आक्रमणमा कम्तीमा ३ जनाको मृत्यु भएको छ, जसमा बालबालिका पनि परेका छन् भने अन्य केही घाइते भएका छन् ।

त्यसैगरी, दक्षिण गाजाको खान युनिस पश्चिममा पर्ने अल-मवासी क्षेत्रको 'बिर १९' क्षेत्रमा प्यालेस्टिनी प्रहरीको सवार ीसाधनलाई इजरायली ड्रोनले लक्षित गरी आक्रमण गरेको बताइएको छ, जसमा केही व्यक्तिहरूको मृत्यु र घाइते भएको छ । खान युनिसस्थित नासेर अस्पतालका स्रोतका अनुसार उक्त आक्रमणपछि ५ वटा शव र धेरै घाइतेहरू अस्पताल पुऱ्याइएका छन् ।

यसअघि गाजा सिटीमा गरिएको अर्को आक्रमणमा प्रहरी गस्तीमाथि हमला हुँदा दुई जना प्रहरीको मृत्यु भएको थियो भने अन्य दुई जना गम्भीर घाइते भएका थिए। यी घटनाहरूमा इजरायलको तर्फबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन । यो घटनाक्रम जारी तनाव र युद्धविराम उल्लङ्घनका बीच भएको बताइएको छ। गाजा स्वास्थ्य अधिकारीहरूका अनुसार युद्धविराम लागू भएयता हालसम्म ७९१ जना प्यालेस्टिनीको मृत्यु भएको छ भने २हजार २३५ जना घाइते भएका छन् । रासस

### अफगानिस्तानमा घरको खस्दा पाँच जनाको मृत्यु, दुई घाइते

रासस/सिन्ह्वा । पश्चिमी अफगानिस्तानको बदघिस प्रान्तमा शनिबार घरको छत खस्दा एउटै परिवारका पाँच जनाको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएको प्रान्तीय प्रहरी कार्यालयले जनाएको छ ।

प्रान्तीय राजधानी काला-ए-नवमा भएको घटनाको पुष्टि गर्दै प्रहरीले विज्ञप्ति जारी गरेको छ । पीडितहरूमा चार बालबालिका र एक महिला रहेको जनाइउको छ भने परिवारका थप दुई सदस्यहरू घाइते भएका छन् । यस अघि बुधबार पूर्वी वर्दक प्रान्तमा भएको यस्तै घटनामा दुई जनाको मृत्यु भएको थियो ।

युद्ध पछिको अफगानिस्तानका मानिसहरू प्रायः माटोका घरहरूमा बस्छन्, जुन वर्षा र बाढी लगायत प्राकृतिक प्रकोपहरूको जोखिममा छन् ।

# इरान युद्धले विश्व अर्थतन्त्रमा दबाब




रासस/एपी । इरानसँग सम्बन्धित युद्धका कारण विश्व बजारमा तेल आपूर्ति गम्भीर रूपमा प्रभावित हुन थालेको छ, जसको प्रभाव अब दैनिक उपभोग्य वस्तुहरूमा पनि स्पष्ट रूपमा देखिन थालेको छ। मध्यपूर्व क्षेत्र विश्वको प्रमुख तेल आपूर्तिकर्ता भएकाले त्यहाँ उत्पन्न भएको तनाव र युद्धले कच्चा तेलको आपूर्ति घटाएको छ र मूल्यमा तीव्र वृद्धि भएको छ।

तेल केवल इन्धनका रूपमा मात्र प्रयोग हुने होइन, यसबाट बन्ने पेट्रोलियमजन्य रसायनहरू हजारौं वस्तु उत्पादनका आधार भूत कच्चा पदार्थ हुन् । त्यसैले तेल महँगो हुँदा कपडा, खेलौना, जुत्ता, सौन्दर्य सामग्री, औषधि, प्लास्टिकका सामग्री, कम्प्युटर उपकरणदेखि लिएर बालबालिकाले प्रयोग गर्ने रंगीन सामग्रीसम्मको उत्पादन लागत बढ्ने गर्दछ।

विशेषगरी पोलिस्टर र एक्रिलिकजस्ता कृत्रिम धागो तथा पदार्थहरू, जुन तेलबाटै तयार गरिन्छन्, तिनको मूल्य वृद्धि हुँदा उद्योगहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । केही उत्पादक कम्पनीहरूले युद्ध सुरु भएको छोटो समयमै कच्चा पदार्थको लागत १० देखि १५ प्रतिशतसम्म बढिसकेको बताएका छन्, जसले आगामी दिनमा वस्तुहरूको खुद्रा मूल्य पनि बढ्ने सङ्केत दिएको छ । यसका साथै पेट्रोल र डिजेलको मूल्य बढ्दा ढुवानी खर्च उच्च भएको छ, जसका कारण खाद्यान्न, लत्ताकपडा, फर्निचर लगायतका आवश्यक वस्तुहरू बजारमा झन् महँगा हुँदै गएका छन् ।

यात्रा क्षेत्रमा पनि यसको असर परेको छ । हवाई इन्धनको मूल्य वृद्धि भएपछि हवाई सेवा प्रदायकहरूले टिकट दर बढाएका छन्, जसले यात्रुहरूलाई अतिरिक्त आर्थिक भार परेको छ। तेलमा अत्यधिक निर्भर विश्व अर्थतन्त्रका लागि यस्तो युद्धले महँगी दर बढाउने, आपूर्ति श्रृंखला अवरुद्ध गर्ने र सर्वसाधारणको दैनिक जीवनयापन खर्च बढाउने खतरा सिर्जना गरेको छ । यही कारणले इरानसँग सम्बन्धित यो युद्ध केवल सीमित भौगोलिक क्षेत्रमा मात्र नभई विश्वव्यापी आर्थिक अवस्थालाई समेत प्रभावित पार्ने महत्वपूर्ण घटनाका रूपमा हेरिएको छ ।

# दक्षिण लेबनानमा इजरायली हवाई आक्रमणमा ६ जनाको मृत्यु

रासस/सिन्ह्वा । दक्षिण लेबनानमा इजरायली हवाई आक्रमणका कारण शुक्रबार कम्तीमा ६ जनाको ज्यान गएको छ भने दुई जना घाइते भएका छन् ।

राजधानी बेरुतबाट प्राप्त विवरणअनुसार, लेबनानको सार्वजनिक स्वास्थ्य मन्त्रालयअन्तर्गतको आपतकालीन सञ्चालन केन्द्रले जारी गरेको विज्ञप्तिमा विभिन्न स्थानमा भएका आक्रमणका कारण क्षति भएको उल्लेख गरिएको छ । वादी अल-हुजैरमा दुई जनाको मृत्यु भएको छ भने स्रिफामा एक जनाको ज्यान गएको छ । त्यसैगरी, याटेरमा एक जनाको मृत्यु र एक जना घाइते भएका छन्, टाउलिनमा दुई जनाको ज्यान गएको छ भने खिर्बेत सेल्ममा एक जना घाइते भएका छन् ।

यी आक्रमणहरू इजरायल र लेबनानबीच अप्रिल १६ र १७ को मध्यरातदेखि लागू भएको युद्धविरामको बीचमै भएका हुन्, जुन पछिल्ला केही हप्तादेखि जारी सीमापार झडप र इरानसँग सम्बन्धित क्षेत्रीय तनावका कारण भएको थियो । यसै सन्दर्भमा डोनाल्ड ट्रम्पले हालको १० दिने युद्धविरामलाई थप तीन हप्ताका लागि विस्तार गर्ने घोषणा गरेका छन्, जसले क्षेत्रीय स्थिरता कायम गर्ने प्रयासलाई निरन्तरता दिने अपेक्षा गरिएको छ ।

# युक्रेनमा रूसी आक्रमण जारी, दुई जनाको मृत्यु, २१ घाइते

रासस/एएफपी । युक्रेनको पूर्वी डिनिप्रो शहरमा भएको पछिल्लो रूसी आक्रमणमा दुई जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएको अधिकारीहरु शनिबार बताएका छन् ।



उद्धारकर्मीहरूले रूसी आक्रमणबाट ध्वस्त भएको डिनिप्रो स्थित एयटा भवनको भग्नावशेषबाट दुई जनाको शव बरामद गरेको ड्निप्रोपेट्रोभस्क क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्सान्डर गान्झाले बताउनु भएको छ । पाँच जना अझै पनि भग्नावशेषमुनि फसेको हुन सक्ने आशंका गरिएको बताउदै उहाँले २१ जना घाइते भएको पुष्टि गर्नु भएको भएको छ। राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमा भएको पछिल्लो रूसी आक्रमणमा चार जनाको मृत्यु भएको र करिब ३० जना घाइते भएको बताउनु भएको छ। आक्रमणको सामना गर्न साझेदार हरूलाई तत्काल र सहकार्य आवश्यक रहेको बताउदै हवाई रक्षा बलियो बनाउन तथा रूस विरुद्ध युरोपेली प्रतिबन्धको २१औं प्याकेजतर्फ पनि अघि बढ्नु पर्ने बताउनु भएको छ।

युक्रेनको सिमानामा रहेको रूस कुर्स्क क्षेत्रमा भएको युक्रेनी ड्रोन आक्राणमा परी एक जना घाइते भएको गभर्नर अलेक्जान्डर खिन्स्टेनले शनिबार बताउनु भएको छ।

# युएईविरुद्ध नेपालको जित



काठमाण्डु । आइसिसी विश्वकप लिग २ क्रिकेट प्रतियोगिताअन्तर्गत संयुक्त अरब इमिरेट्स (युएई) विरुद्धको खेलमा नेपालले जित हासिल गरेको छ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा शनिबार भएको खेलमा नेपालले युएईमाथि ३७ रनको जित हासिल गरेको हो । नेपालले जितका लागि दिएको दुई सय एक रनको चुनौती पछ्याएको युएई ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै एक सय ६३ रनमा समेटियो ।

युएईका लागि हरप्रीत सिंहले ३९ रन जोडे भने कप्तान मोहम्मद वसीमले ३४ रन बनाए । बलिङतर्फ नेपालका करण केसीले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिए । यस्तै, सन्दीप लामिछाने र सोमपाल कामीले समान दुई/दुई विकेट लिए ।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै दुई सय रनको योगफल बनाएको थियो । नेपालका लागि दीपेन्द्रसिंह एरीले सर्वाधिक ७५ रनको योगदान दिए । उनले ९० बलमा पाँच चौका र दुई छक्कासहित ७५ रन बनाएका हुन् ।

नेपालको सुरुआत कमजोर रहँदा आसिफ शेख सात रनमै आउट भए भने कप्तान रोहित पौडेल केवल दुई रनमा पवेलियन फर्किए ।

यस्तै, कुशल भुर्तेलले २४ रन, बसिर अहमदले २० रन तथा करण केसीले २२ रनको योगदान दिए । अन्य खेलाडीमा भीम सार्कीले १० तथा आरिफ शेख र सोमपाल कामीले समान १५/१५ रन बनाए ।

बलिङतर्फ युएईका जुनैद सिद्दिकी, अजय कुमार र खुजैमा तनवीरले समान तीन/तीन विकेट लिए । अब यही वैशाख १४ गते नेपालले ओमानसँग खेल्नेछ । रासस

# यु-१६ विद्यालयस्तरीय क्रिकेटः वीरेन्द्र मावि विजयी

बैतडी । बैतडीमा सम्पन्न यु-१६ विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि वीरेन्द्र मावि शाहिलेकले जितेको छ । शनिबार भएको फाइनल खेलमा कालाशैनी मावि बुड्डालाई ७२ रनले हराउँदै वीरेन्द्रले उपाधि रक्षा गरेको हो ।



जितका लागि पाएको १९० रनको लक्ष्य पछ्याएको कालाशैनी १६ दशमलव एक ओभरमा ११७ रनमा समेटियो । जसमा मनोज चन्दले अर्धशतकीय पारी खेल्दै ६१ रनको योगदान गरे पनि टोलीलाई जिताउन सकेनन् । बलिङमा वीरेन्द्रका टेकेन्द्र चन्द र सङ्गम ठगुन्नाले तीन/तीन विकेट लिए ।

यसअघि दशरथचन्द खेल मैदान, सुन्दरखालीमा पहिला ब्याटिङ गरेको वीरेन्द्रले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा १८९ रन बनायो । उसका सुजल चन्दले अविजित ९५ रन जोड्दै म्यान अफ दी फाइनल भए। कालाशैनीका विक्रम लावडले तीन विकेट झारे ।

बैतडी जिल्ला क्रिकेट सङ्घको आयोजनामा वैशाख ५ गतेदेखि सुरू भएको प्रतियोगितामा आठ टोलीको सहभागिता थियो । यो छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई प्रदेशस्तरीय खेलका लागि समावेश गरिनेछ । रासस

### चन्द्रगढी महिला गोल्डकपः
# त्रिभुवन आर्मी क्लब फाइनलमा



भद्रपुर । मेची रङ्गशालामा जारी प्रथम 'ओम साई पाथिभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप' फुटबल प्रतियोगिताअन्तर्गत शनिबार भएको पहिलो सेमिफाइनल खेलमा त्रिभुवन आर्मी क्लब विजयी हुँदै फाइनलमा प्रवेश गरेको छ। आर्मीले नेपाल पुलिस क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै उपाधिनजिक पुगेको हो।

फाइनल प्रवेशसँगै आर्मीले कम्तीमा रु पाँच लाख पुरस्कार सुनिश्चित गरेको छ। अब आर्मीले शनिबार हुने सशस्त्र प्रहरीको एपीएफ एफसी र चर्च ब्वाइज युनाइटेडबीचको विजेतासँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ।

खेलको ३२औँ मिनेटमा चन्द्रा भण्डारीले गोल गर्दै आर्मीलाई अग्रता दिलाइन् । पुलिसकी डिफेन्डर समिक्षा घिमिरेको त्रुटिको फाइदा उठाउँदै भण्डारीले गोल गर्न सफल भइन् ।

छपन्नऔँ मिनेटमा जेनिफर राना मगरले गोल गर्दै आर्मीको अग्रता दोब्बर पारिन् । पुलिसले खेलको ७०औँ मिनेटमा एक गोल फर्कायो । पुजा रानाको हेडमार्फत दिएको पासलाई रेखा पौडेलले पुनःहेड गर्दै गोलमा परिणत गरिन् ।

बाँकी समयमा पुलिसले बराबरीको प्रयास गरे पनि आर्मीका डिफेन्डर बिमला बिक, सुनिता चौधरी र अनिता लम्जेलले उत्कृष्ट प्रदर्शन गर्दै थप गोल हुन दिएनन् ।

खेलको 'प्लेयर अफ द म्याच' आर्मीकी डिफेन्डर बिमला बिक घोषित भइन् । उनले नगद रु ११ हजार पुरस्कार प्राप्त गरिन् ।

प्रतियोगिता अन्तर्गत शनिबार सशस्त्र प्रहरीको एपीएफ एफसी र चर्च ब्वाइज युनाइटेडबीच दोस्रो सेमिफाइनल खेल हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले रु ११ लाख तथा उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् । साथै, सर्वोत्कृष्ट खेलाडीलाई नगद रु एक लाख तथा उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकलाई जनही रु २५ हजार प्रदान गरिनेछ । रासस

# चीन र भारतका राजदूतसँग ऊर्जा सहकार्यबारे छलफल, क्षेत्रीय ऊर्जा चुनौती समाधानमा जोड

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङ र भारतका राजदूत नवीन श्रीवास्तवले शुक्रबार बेग्लाबेग्लै भेट गर्नुभएको छ।

चिनियाँ राजदूतसँगको भेटमा नेपाल र चीनबीच आपसी हितमा आधारित व्यावहारिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको यहाँस्थित चिनियाँ राजदूतावासले जनाएको छ।

विशेषगरी क्षेत्रीय ऊर्जा चुनौतीलाई कसरी प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषयमा दुवै पक्षबीच विचारविमर्श भएको थियो।

साथै ऊर्जा र जलस्रोत क्षेत्रलाई आपसी सहयोगको महत्वपूर्ण आधारका रूपमा अघि बढाउँदै साझा समृद्धि र जनहितका लागि सहकार्यको प्रतिबद्धता व्यक्त भएको छ।

त्यसैगरी, भारतका राजदूतसँगको भेटमा ऊर्जा तथा जलस्रोत क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको छ। छलफलमा नेपाल-भारतबीचको दीर्घकालीन



साझेदारीलाई थप सुदृढ गर्दै दिगो विकास र क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार एवं प्रवर्द्धन गर्ने साझा दृष्टिकोणमा जोड दिइएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

उक्त मन्त्रालयका अनुसार आगामी दिनमा निरन्तर संवाद र सहकार्यमार्फत द्विपक्षीय साझेदारीलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त भएको थियो। रासस

# रासायनिक मलको समस्या यथावत

टुडे समाचारदाता

जनकपुरधाम । पश्चिम एसियामा चलिरहेको द्वन्द्वका कारण नेपालमा रासायनिक मलको अभाव हुने सम्भावना बलियो हुँदै गएको छ। नेपालसँग १ लाख ५० हजार मेट्रिकटन मल मौज्दात छ। यतिले नपुग्ने भएपछि सरकारले मलका लागि कूटनीतिक पहल थालेको छ।

भारत, चीन, बंगलादेश लगायतका देशबाट भए पनि रासायनिक मल ल्याउने पहल सरकारले थालेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चैत १९ गते भारतलाई रासायनिक मलको सहज आपूर्तिका लागि पत्र पठाएको छ। मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले मलका लागि भारतलाई पत्र पठाइएको जनाएको छ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले कृषिमन्त्री गीता चौधरीसँग भेटेर यसबारे छलफलसमेत गरेका छन्। भारतीय राजदूत श्रीवास्तवले नेपाललाई मल उपलब्ध गराउन आफूले पहल गर्ने आश्वासन दिएको कृषि मन्त्रालयका अधिकारीहरू बताउँछन्।

परराष्ट्र मन्त्रालयमार्फत नेपालस्थित भारतीय दूतावासलाई समेत पत्र पठाइएको छ। पत्रको बारेमा आवश्यक अध्ययन भइरहेको जानकारी दूतावासबाट प्राप्त भएको सहसचिव श्रेष्ठले बताए।

कृषिमन्त्री चौधरीले रासायनिक मलको आपूर्तिमा देखिएको असहज अवस्थाबारे परराष्ट्रमन्त्री शिशिर खनाललाई भेटेर छलफल गरेकी छन्। रासायनिक मलका लागि कूटनीतिक पहल गर्न कृषिमन्त्री चौधरीले परराष्ट्रमन्त्री खनाललाई



आग्रह गरेकी हुन्।

खाडी मुलुकमा जारी द्वन्द्वका कारण मल आपूर्तिमा समस्या देखिएको भन्दै मन्त्री चौधरीले तत्कालै मल ल्याउन कुनै देशसँग जीटुजी सम्झौता गर्नुपर्ने खाँचो औँल्याएको बताइएको छ। नेपालसँग रहेको रासायनिक मलले असारसम्म मात्र धान्न सक्ने भएकाले त्यसअघि नै मलको व्यवस्थापन गर्नुपर्ने देखिएकाले कृषि मन्त्रालयको भनाइ छ। मन्त्रालयले भारतसँग एक लाख ५० हजार मेट्रिकटन मल माग गरेको छ।

भारतसँग यसअघि नै जीटुजी प्रक्रियाबाट मल ल्याउने सहमति भइसकेको थियो। त्यसमध्ये नेपालले थोरैमात्र मल ल्याएको छ। बाँकी मल दिन नेपालले आग्रह गरे पनि भारतीय पक्षले त्यो सहमतिको म्याद गुज्रिसकेका हुनाले नयाँ प्रक्रियाबाट जान भनेको मन्त्रालय स्रोतले जनाएको छ।

२०७८ को अन्त्यतिर सरकारका तर्फबाट तत्कालीन कृषि सचिव डा. गोविन्दप्रसाद शर्मा र भारतका तर्फबाट रसायन तथा मलखाद मन्त्रालयका सचिव राजेशकुमार चतुर्वेदीले जीटुजी समझदारीपत्रमा हस्ताक्षर गरेका थिए। सो समझदारीको समय सीमा अझै बाँकी रहेकाले बाँकी मल दिनुपर्ने कृषि मन्त्रालयको भनाइ छ।

उक्त सम्झौता अनुसार सन् २०२२/०२३ मा १ लाख मेट्रिक टन युरिया र ५० हजार मेट्रिक टन डीएपी गरी कुल १ लाख ५० हजार मेट्रिक टन खरिद गरिने उल्लेख थियो।

सन् २०२३/०२४ मा १ लाख २० हजार मेट्रिक टन युरिया र ९० हजार मेट्रिक टन डीएपी गरी २ लाख १० हजार मेट्रिक टन तथा सन् २०२४/२०२५ मा १ लाख २० हजार मेट्रिक टन युरिया र ९० हजार मेट्रिक टन डीपीए गरी २ लाख १० हजार मेट्रिक टन मल खरिद गरिने सम्झौता थियो। तर सम्झौता अनुसार नेपालले मल ल्याउन सकेन।

अहिले त्यही सम्झौता अनुसार मल उपलब्ध गराउन भारत सरकारसँग आग्रह गरिएको मन्त्रालयको भनाइ छ। मन्त्रालयका अनुसार एक लाख ५० हजार मेट्रिक टन मल तत्कालै चाहिएको छ।

पश्चिम एसियामा जारी द्वन्द्वका कारण भारतमा पनि मलको अभाव छ। तर भारतले कूटनीतिक माध्यमबाट त्यसलाई व्यवस्था गरिरहेको र नानो युरिया (झोल) मल आफैँले उत्पादन गरिरहेको कारण द्वन्द्वले त्यति फरक पारेको छैन।

चीनमा मलको समस्या छैन। चीनमा कोइलाबाट मल उत्पादन गरिरहेको कारण त्यहाँको रासायनिक मल अभाव छैन। कृषि मन्त्रालयका एक सहसचिवले भने, 'मल चीनबाट पनि ल्याउन सकिन्छ, तर चीनबाट ल्याउने प्रक्रिया झन्झट भएको कारण तत्कालै त्यतातिर पहल भएको छैन।'

कृषि मन्त्रालयले पहिलो प्राथमिकतामा भारतलाई राखेको छ। भारतबाट नभएको खण्डमा मात्र अरू देशसँग कुराकानी गरेर ल्याउने योजना रहेको स्रोतले जनाएको छ।

मन्त्रालयका अनुसार चीन, बंगलादेशसँग पनि अनौपचारिक छलफल भइरहेको छ। विभिन्न सम्भावनाबारे चर्चा भए पनि कहाँबाट ल्याउने भन्नेबारे निश्चित नभएको कृषि मन्त्रालयका अधिकारीहरू बताउँछन्।

अहिले नेपालमा देखिएको मलको समस्या कूटनीतिक माध्यमबाट मात्र समाधान हुने देखिएको छ। ग्लोबल टेण्डरमार्फत मल खरिद हुने गरेकोमा पछिल्लो समय दुई वटा टेण्डर रद्द भइसकेको छ। जारी द्वन्द्वका कारण कुनै पनि ढुवानी कम्पनीले टेण्डर भर्न नमान्दा समस्या बल्झिँदै गएको छ।

# कुहुँमा लक्ष्यअघिनै सडक स्तरोन्नति

म्याग्दी । म्याग्दीको मङ्गला गाउँपालिका-२ कुहुँमा सञ्चालित चन्निका घुम्तीदेखि उपल्लो तुसारेपानी-कुहुँ सडक स्तरोन्नति योजना लक्ष्य अघिनै सम्पन्न भएको छ।

आगामी जेठ १५ गतेसम्मको ठेक्काको म्याद रहेको योजनाको निर्माण कम्पनी मङ्गला कन्ट्रक्सनले इन्धन र निर्माणजन्य सामग्रीको मूल्य वृद्धिको बावजुद पनि लक्ष्यभन्दा डेढ महिनाअघि नै काम सम्पन्न गरेको हो।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ मा रु ५० लाख बजेट बिनियोजन गरेको उक्त योजना निर्माणका लागि पूर्वाधार विकास कार्यालय, म्याग्दी र कम्पनीबीच २०८२ माघ ६ गते रु ४६ लाख २९ हजार १२४ मा ठेक्का सम्झौता गरेको थियो।

ठेक्का सम्झौता लगत्तै मजदुर, उपकरण परिचालन र निर्माण सामग्री ब्यवस्थापन गरेर गत चैत महिनामै निर्माण सम्पन्न गरेको




निर्माण कम्पनीका सञ्चालक चक्रलाल पाण्डे (राजु)ले बताउनुभयो। कार्यालयका अनुसार उक्त योजनाको ९६ दशमलव २२ प्रतिशत भौतिक प्रगति भएको छ।

कार्यालयका अनुसार उक्त योजनामार्फत कुहुँ गाउँभित्र ५१ मिटर दुरीमा सडक फराकिलो पारेर मेसिनरी पर्खाल र नाली निर्माण भएको छ। उपल्लो तुसारेपानीदेखि कुहुँतर्फ जाने सडकको २५० मिटर दुरीमा फराकिलो पार्ने, ग्रेड तथा घुम्ती सुधार भएको छ।

उपल्लो तुसारेपानी र कुहुँकोबीचमा रहेको डाडाँको घुम्तीमा १२८ घनमिटर ग्याबियन पर्खाल लगाएर सडक फराकिलो पारिएको पूर्वाधार विकास कार्यालयका सवइञ्जिनियर रविन चोखालले बताउनुभयो।

कुहुँका बासिन्दा रविन पुनले सडक सुधार भएपछि सवारी साधन आवत जावत सहज र सुरक्षित भएको बताउनुभयो। मार्ग खुलेपछि सामान्य मर्मतको भरमा जिप, मोटरसाइकल र ट्र्याक्टर सञ्चालन हुँदै आएको साँघुरो सडकमा गाडी फर्काउने ठाउँ नभएर ३०० मिटर टाढा लैजानुपर्ने समस्याको अन्त्य भएको पुनले बताउनुभयो।

सडकको शुक्रबार अनुगमन गर्न जानुभएका म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुम्जाली र पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनयर डिभिजनल ईञ्जिनियर डा महेन्द्र बानियाले मूल्यवृद्धिको असहज अवस्थामा पनि लक्ष्य अघिनै योजना निर्माण सम्पन्न गरेर ब्यवसायीले सकारात्मक सन्देश दिएको प्रतिक्रिया दिनुभयो।

कार्यालय प्रमुख बानियाँका अनुसार यस वर्ष सञ्चालन भएका अन्य दुई वटा योजना पनि लक्ष्य अघिनै सम्पन्न भएका छन्। निर्माण कम्पनीले रु ४६ लाख ७९ हजार ९८१ मा ठेक्का सम्झौता गरेको घारखोला-नेपाने सडक र रुप्से बिल्डर्सले रु ३५ लाख १७ हजार ३३७ मा ठेक्का लिएको ज्ञानप्रकाश माविदेखि कोट-खलङ्गा हुँदै ठारा जाने सडक पनि निर्माण सम्पन्न भएको कार्यालय प्रमुख बानियाँले बताउनुभयो। रासस

# सौर्य ऊर्जा उत्पादकलाई 'पिपिए' गर्न प्राधिकरणको आग्रह

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनालाई विद्युत् खरिद सम्झौताका लागि लागि सम्पर्क गर्न आउन आग्रह गरेको छ।

प्राधिकरणले स्थानीय तहको कम्तीमा ५१ प्रतिशत साझेदारीमा निर्माण हुने एक मेगावाटसम्म जडित क्षमता भएका सौर्य विद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता गर्न लागेको छ। प्राधिकरणको २०८२ कात्तिक १९ को बैठकबाट सौर्य विद्युत् आयोजनाको बिजुली खरिद बिक्रीको सम्झौता गर्ने निर्णय गरेको थियो।

स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनाको प्रतियुनिट चार रुपैयाँ ९९ कायम गरिएको छ। त्यस्ता आयोजनाबाट उत्पादित बिजुली खरिद बिक्री




सम्झौता चालु आवको अन्त्यसम्म सम्पन्न गरिसक्ने निर्णय यसअघि नै भएको छ।

प्राधिकरणको यही वैशाख २ गतेको निर्णयअनुसार, यसै महिनाको अन्तिमसम्म आवश्यक कागजातसहितको निवेदन दिन आग्रह गरिएको छ। आयोजनालाई प्राधिकरणको ३३/११ केभी क्षमताको ग्रीड वा वितरण सवस्टेशनमा जडान गरिनेछ। प्रवर्द्धकले अनुरोध गरेमा प्राधिकरणको ११ केभी वितरण लाइनमा आवश्यक व्यवस्थासहित जडान गरिने प्राधिकरणले जनाएको छ।

प्राधिकरणले विद्युत् खरिद सम्झौताका लागि निवेदन, कम्पनी दर्ताको प्रमाणपत्र, स्थानीय तहको कम्तीमा पनि ५१ प्रतिशत शेयर रहेको अद्यावधिक शेयर लगत विवरण, सञ्चालकको लगतसहितको विवरण पेश गर्नुपर्नेछ। कम्पनीको प्रबन्धपत्र, कम्पनीको नियमावली, कर चुक्ताको प्रमाणपत्र, बहाल रहेको विद्युत् सर्वेक्षणको अनुमतिपत्र, स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र, आयोजना निर्माण गर्ने जग्गाको लिज सम्झौता वा भोगाधिकार वा कम्पनीको नाममा भएको प्रमाणसहितको कागजात पेश गर्नुपर्नेछ।

त्यस्तै, विद्युत् खरिद सम्झौताको मस्यौदा तथा विद्युत् खरिद बिक्री सम्झौतामा हस्ताक्षरमा हस्ताक्षर गर्न कम्पनीको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको अख्तियारीनामा पत्र र आयोजनाको निर्माण तालिकासहितको विवरण पेश गर्नुपर्ने प्राधिकरणले जनाएको छ। रासस

# वन्यजन्तु पर्यटन प्रवर्द्धन गर्न 'सफारी मार्ट'

चितवन । नेपाल पर्यटन बोर्डले पहिलो पटक चितवनको मेघौलीमा 'सफारी मार्ट'को औपचारिक सुरुआत गरेको छ। नेपाल पर्यटन बोर्ड, स्थानीय सरकार तथा पर्यटन व्यवसायीहरूको सहकार्यमा आयोजना गरिएको पहिलो 'वाइल्ड नेपाल सफारी मार्ट २०२६' को उद्घाटन गरिएको हो।



उद्घाटन कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले यस कार्यक्रमलाई नेपालको वन्यजन्तु पर्यटनलाई विश्व मञ्चमा पुऱ्याउने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गर्नुभयो। उहाँले भन्नुभयो, "नेपाल केवल हिमालका लागि मात्र होइन, यसको समृद्ध जैविक विविधता, जीवित संस्कृति र विश्वस्तरीय वन्यजन्तु पर्यटनका लागि चिनिन्छ।" उहाँले यस मार्टमा हुने छलफलहरूले लगानी, सहकार्य र नेपालको विशिष्ट वन्यजन्तु पर्यटन उत्पादन प्रवर्द्धनका नयाँ अवसरहरू खोल्ने बताउनुभयो।

कार्यक्रममा भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले चितवन र मेघौलीलाई विश्वस्तरीय वन्यजन्तु पर्यटन केन्द्रका रूपमा विकास गर्न तयार रहेको बताउनुभयो।

उहाँले स्थानीय सरकारको भूमिका दिगो पर्यटन पूर्वाधार र समुदाय सहभागितामा महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले यस कार्यक्रमलाई नेपालको पर्यटन यात्राको ऐतिहासिक कोसेढुङ्गाका रूपमा रहेको उल्लेख गर्दै यो विशिष्ट र जिम्मेवार पर्यटन अवधारणा भएको बताउनुभयो।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले मार्टलाई केवल व्यावसायिक कार्यक्रम नभई एक साझा 'प्लेटफर्म'का रूपमा चित्रण गर्नुभयो। नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थापलियाले यो मार्ट रणनीतिक प्लेटफर्मका रूपमा भएको बताउनुभयो।

अन्तरराष्ट्रिय संरक्षणविद् तथा प्रमुख वक्ता मोहित अग्रवालले जिम्मेवार पर्यटन यात्राको विश्वव्यापी माग तीव्र रूपमा बढिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "विश्व अब त्यस्ता गन्तव्य खोजिरहेको छ, जहाँ पर्यटन र संरक्षणबीच सन्तुलन कायम हुन्छ र मानव तथा प्रकृतिबीच गहिरो सम्बन्ध स्थापित हुन्छ।"

कार्यक्रममा चितवनको पर्यटन क्षेत्रका अवसर र चुनौतीबारे डा विश्वराज सुवेदीले प्रस्तुति दिनुभएको थियो भने चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले संरक्षण उपलब्धि र भविष्यका प्राथमिकताबारे जानकारी गराउनुभएको थियो। रासस

# विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदरअनुसार, अमेरिकी डलर एकको खरिददर १५० रुपैयाँ ५० पैसा र बिक्रीदर १५१ रुपैयाँ १० पैसा तोकिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १७६ रुपैयाँ ३६ पैसा र बिक्रीदर १७७ रुपैयाँ ०७ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर २०३ रुपैयाँ २३ पैसा र बिक्रीदर २०४ रुपैयाँ ०४ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १९१ रुपैयाँ ६३ पैसा र बिक्रीदर १९२ रुपैयाँ ४० पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०७ रुपैयाँ ६३ पैसा र बिक्रीदर १०८ रुपैयाँ ०६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०९ रुपैयाँ ९५ पैसा र बिक्रीदर ११० रुपैयाँ ३९ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११७ रुपैयाँ ९५ पैसा र बिक्रीदर ११८ रुपैयाँ ४२ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ४४ पैसा र बिक्रीदर नौ रुपैयाँ ४८ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ०१ पैसा र बिक्रीदर २२ रुपैयाँ १० पैसा, साउदी अरेबियन रियाल




एकको खरिददर ४० रुपैयाँ १३ पैसा र बिक्रीदर ४० रुपैयाँ २९ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ २८ पैसा र बिक्रीदर ४१ रुपैयाँ ४५ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६५ पैसा र बिक्रीदर चार रुपैयाँ ६७ पैसा, युएई दिराम एकको खरिददर ४० रुपैयाँ ९७ पैसा र बिक्रीदर ४१ रुपैयाँ १४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ९६ पैसा र बिक्रीदर ३८ रुपैयाँ ११ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ १८ पैसा र बिक्रीदर १० रुपैयाँ २२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ ३१ पैसा र बिक्रीदर १६ रुपैयाँ ३८ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ६० पैसा र बिक्रीदर २३ रुपैयाँ ६९ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ २१ पैसा र बिक्रीदर १९ रुपैयाँ २९ पैसा, कुवेती दिनार एकको खरिददर ४९० रुपैयाँ ८७ पैसा र बिक्रीदर ४९२ रुपैयाँ ८२ पैसा, बहराइन दिनार एकको खरिददर ३९८ रुपैयाँ ५७ पैसा र बिक्रीदर ४०० रुपैयाँ १६ पैसा, ओमनी रियाल एकको खरिददर ३९० रुपैयाँ ९० पैसा र बिक्रीदर ३९२ रुपैयाँ ४६ पैसा रहेको छ। यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। रासस

# दुई फर्मलाई जरिवाना

काठमाण्डु । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले स्थलगत अनुगमनको क्रममा कैफियत देखिएपछि दुई फर्मलाई जरिवाना गरेको छ।



विभागका अनुसार, सार्प इन्टरनेशनल एयरपोर्ट सर्भिसेज प्रालि काठमाडौँलाई रु तीन लाख बराबर जरिवाना गरेको छ।

यस्तै, यमी क्याफे एण्ड वार एयरपोर्टलाई रु दुई लाख पाँच हजार बराबरको जरिवाना गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम ती फर्मलाई कारवाही गरिएको विभागले जनाएको छ।

यस्तै, होटल सोनिगः, कान्तिपुर क्याफे, क्लासिक मार्टस, होटल सोनिगः र प्रोएक्टिभ विजनेश सेन्टरलाई व्यवसायसँग सम्बन्धित कागजात लिएर उपसिथ्त हुन निर्देशन दिइएको छ।

त्यस्तै, विभिन्न ६ फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ। उपभोक्ता अधिकारकर्मी, सरोकारवालाको उपस्थितीमा विभागले नियमित रूपमा अनुगमन गर्दै आएको स्पष्ट पारेको छ। रासस

# जिसस सभापतिसहित ५ जनाविरुद्ध पक्राउ पुर्जी

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला समन्वय समिति पर्साका सभापति निरञ्जन प्रसाद सोनार (अजय) सहित एकै परिवारका पाँच जनाविरुद्ध 'ज्यान मार्ने उद्योग' मुद्दामा पक्राउ अनुमति पत्र जारी भएको छ।



पर्सा जिल्ला अदालतले मिति वैशाख ७ गते जिल्ला प्रहरी कार्यालय पर्सा का नाममा पक्राउ पुर्जी जारी गर्दै उनीहरूलाई तत्काल नियन्त्रणमा लिन आदेश दिएको छ। तर आदेश जारी भएको चार दिन बितिसक्दा पनि अभियुक्तहरू पक्राउ नपरेको र सहरमै खुलेआम हिँडिरहेको आरोप लागेको छ।

अदालतले सभापति सोनारसँगै त्रिलोकी साह सोनार, सन्तोष उर्फ सुमु प्रसाद सोनार, उत्तम उर्फ दिवस सराफ र महेश उर्फ महेश्वर सराफलाई पनि पक्राउ गर्न अनुमति दिएको छ।

रामबाबु साह सोनारको जाहेरीमा दर्ता भएको 'ज्यान मार्ने उद्योग' मुद्दामा उनीहरूको संलग्नता देखिएको भन्दै अदालतले तत्काल पक्राउ नगरे प्रमाण नष्ट हुन सक्ने तथा अभियुक्त फरार हुन सक्ने जाहेरीकर्ताले बताएका छन्।

पीडित पक्षका अनुसार अदालतको आदेश कार्यान्वयनमा ढिलाइ हुनु र अभियुक्तहरू अझै पक्राउ नपर्नुले कानुनी शासनमाथि प्रश्न उठाएको छ। यता जिल्ला प्रहरी कार्यालय पर्साले अभियुक्तहरूको खोजतलास जारी रहेको जनाएको छ।

यसैबीच सभापति सोनारले आफूमाथि लागेको आरोप अस्वीकार गर्दै राजनीतिक पूर्वाग्रहका कारण आफ्नो नाम मुछिएको दाबी गरेका छन्। उनले भने "म घटनामा संलग्न छैन, राजनीतिक रिसइबीका कारण मेरो नाम जोडिएको हो।"

सोनारले भने म भागेको छैन जिल्ला समन्वय समिति पर्सा कार्यलयमा नै बसि आफनो काम गर्दै छु प्रहरीले बोलाए जान तैयार छु। प्रहरीको अनुसन्धानमा कतै अवरोध गर्ने छैनौं।

# ढल्केवरको अतिक्रमित जग्गा खाली गराइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारको निर्देशनले धनुषाको मिथिला नगरपालिकास्थित ढल्केबर चोकमा करीब ५३ वर्षदेखि अतिक्रमण गरिएको सार्वजनिक जग्गा अन्ततः प्रहरीको सहयोगमा डोजर लगाएर खाली गराइएको छ।



मिथिला नगरपालिकाले शनिबार सो क्षेत्रमा निर्माण गरिएका पक्की भवन, घरटहरा तथा पसलहरू भत्काएर हटाएको हो। सडक क्षेत्रमा करिब २५ देखि ३० जनाले लामो समयदेखि बसोवास तथा व्यवसाय सञ्चालन गर्दै बस्दै आएका थिए।

सार्वजनिक जग्गा अतिक्रमण मुक्त गर्ने स्थानीय तहहरुलाई गरेको निर्देशन बमोजिम केही दिनअघि नगरपालिकाले अतिक्रमित सार्वजनिक जग्गा खाली गर्ने भनी सूचना जारी गरेको थियो। सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका ती संरचना हटाएसँगै सो सडक पुनः खुला गरिने छ। स्थानीयका अनुसार विसं २०२६ सालमा पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माणका क्रममा उक्त सडकको उपयोग गरिएको थियो। तर विसं २०३० सालतिर सो स्थानबाट दक्षिणतर्फ नयाँ सडक खुलेपछि पुरानो मार्गबाट आवतजावत बन्द भएको थियो। त्यसपछि केही स्थानीयले क्रमशः सो सडक क्षेत्रमा घरटहरा निर्माण गरी बसोवास र व्यवसाय सञ्चालन गर्दै आएका थिए।

यसअघि कयौँ पटक अतिक्रमण हटाउने प्रयास गरेपनि राजनीतिक दबावका कारण सफल हुन सकेको थिएन। नगर प्रमुख महेन्द्र महतोका अनुसार पछिल्लो तीन वर्षको अवधिमा तीन पटक सार्वजनिक सूचना जारी गरिए पनि मुद्दामामिला र राजनीतिक दबाव सहितका विभिन्न अवरोधका कारण कार्यान्वयन हुन सकेको थिएन।

हाल संघ तथा प्रदेश सरकारबाट सार्वजनिक सडक र जग्गा अतिक्रमण हटाउन कडाइका साथ निर्देशन जारी भएपछि सोही अनुसार नगरपालिकाले कदम अघि बढाएको र सडकको मापदण्ड कायम गरी आवागमनलाई सहज बनाउने नगर प्रमुख महतोले बताए।

# अन्यायमा परेका काफ्लेले पाए न्याय

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश लोकसेवा आयोग मधेश प्रदेशले गरेको निर्णयविरुद्धमा प्रशासकीय अदालतले फैसला गरेको छ।



प्रशासकीय अदालतका अध्यक्ष डा. टेकबहादुर घिमिरे, सदस्यहरु नवलकिशोर यादव र आलोक चन्द्र श्रेष्ठको संयुक्त इजलासबाट राजेश काफ्लेले प्रदेश लोकसेवा आयोगको विरुद्धमा दिएको बुढवा निर्णय बदर मुद्दामा पुनरावेदन दाबी पुग्ने फैसला गरेसंगै उनको बढुवा भएको छ।

०७५ फागुन १७ गते समायोजन ऐन २०७५ को दफा ७ बमोजिम लेखा अधिकृत सातौं तहमा मधेश सरकार अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयमा समायोजन भइ कार्यरत्त थिए। तर वृद्धिस्तरको क्रममा उनलाई बेवास्ता गरेको भन्ने कुरा पत्रिकाको माध्यमबाट जानकारी पाएपछि उनले आफ्नो असन्तुष्टि व्यक्त गर्दै प्रशासकीय अदालतको शरणमा पुगेका थिए।

त्यसपछि उक्त अदालतमा दिएको मुद्दा काफ्लेले प्रदेश लोकसेवा आयोग अन्तर्गतको बढुवा समितिको निर्णयमा त्रुटिपूर्ण रहेको भन्दै बदर गरी बढुवा गर्न माग गरेका थिए।

प्रशासकीय अदालतले विभिन्न कानुनी आधारलाई टेकेर काफ्लेको पक्षमा बढुवाका लागि फैसला गरेको छ।

# नेपालीसहित ५ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । भारत-नेपाल सीमावर्ती क्षेत्रमा सुरक्षा निकायले सञ्चालन गरेको छुट्टाछुट्टै कारबाहीमा कपडा तस्करी र अवैध मल भण्डारणमा संलग्न पाँच जनालाई पक्राउ गरिएको छ।




झरोखर प्रहरी र सशस्त्र सीमा बल (एसएसबी) को संयुक्त टोलीले विशेष सूचनाका आधारमा चकिया प्रहरी चौकी क्षेत्रबाट चोरी भएको भारतीय नम्बर प्लेटको गाडी जाँच गर्दा त्यसमा भन्सार छलीका लत्ताकपडा लोड गरी नेपालतर्फ ल्याउँदै गरेको फेला पारेको हो।

उक्त गाडीबाट एक नेपाली युवकसहित दुई जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। प्रारम्भिक अनुसन्धान अनुसार तस्करहरूले निगरानी छल्न चोरीको सवारी साधन प्रयोग गर्ने रणनीति अपनाएका थिए। पक्राउ परेकामाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ भने यस नेटवर्कमा अन्यको संलग्नता पनि खोजी भइरहेको छ।

उता, सीमावर्ती क्षेत्रमा अर्को कारबाहीमा ठूलो परिमाणमा अवैध मल बरामद गरिएको छ। एसएसबी ७१ बटालियन, मोतिहारीबाट प्राप्त सूचनाका आधारमा रक्सौल नजिकको रेगनिया गाउँस्थित एक गोदाममा छापा मारिएको थियो।

सीएचक्यू बरहरवा, जितना प्रहरी र कृषि प्राविधिकसहितको संयुक्त टोलीले गरेको उक्त अपरेसनमा ५० केजीका ६१ बोरा एनपीके मल बरामद गरिएको सहायक कमान्डेन्ट बिश्वजित तिवारीले जानकारी दिएका छन्।

सोही स्थानबाट तीन वटा मोटरसाइकलसमेत बरामद गरिएको छ भने दुई भारतीय र एक नेपाली नागरिकलाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा पूर्वी चम्पारण (बिहार) का शत्रुधन कुमार र सुनिल यादव तथा बारा, सिम्रौनगढका इम्तियाज रहेका छन्।

उनीहरूलाई बरामद सामग्रीसहित थप अनुसन्धानका लागि जितना प्रहरी कार्यालयमा बुझाइएको एसएसबीका प्रवक्ता बिनित कुमार सिंहले बताएका छन्।

यसैबीच भारतबाट अवैध रूपमा भित्र्याएको पिकअप जिपसहितको सामान प्रहरीले बरामद गरेको छ। प्रहरीले मौलापुर नगरपालिकाबाट जिप चालकलाई समेत पक्राउ गरी अनुसन्धान थालेको छ।

मौलापुर-३ स्थित ज१च १३४३ नम्बरको पिकअप जिपमा भारतबाट तोरी र सरसों ल्याउँदै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो। उक्त गाडीमा तोरी २ हजार ९ सय किलो र सरसों ३ सय ५० किलो बरामद गरेको जिल्ला प्रहरीका डीएसपी विष्णुप्रदीप बस्यालले जानकारी दिए।

भारतबाट भन्सार छलेर ल्याउँदै गरेको अवस्थामा सर्लाही लालबन्दी-७ घर भएका जिप चालक पवन साहलाई समेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। डीएसपी बस्यालका अनुसार पक्राउ परेका जिप चालकसित सोधपुछ भइरहेको छ।

# घर टुटेको सहन नसकी बजाजको मृत्यु



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा सडक विस्तारका नाममा गरिएको आकस्मिक तोडफोडले एक व्यवसायीको ज्यान गएको छ।

घण्टाघरस्थित मेनरोडमा डेरा भाडामा बस्दै आएका व्यवसायी मुरारीलाल बजाज सडक विस्तारले घरबारविहीन बनेको सहन नसकेर मानसिक आघातका कारण हृदयघात भई निधन भएको पारिवारिक स्रोतको दाबी गरेको छ।

सडक विभागको निर्देशनअनुसार २५/२५ मिटर सडक फराकिलो बनाउने अभियान अन्तर्गत मेनरोड क्षेत्रमा संरचना हटाउने क्रममा पर्याप्त समय नदिई हतारमा तोडफोड गर्दा उनले वैकल्पिक बसोबासको व्यवस्था गर्न नसक्दा घटनाले गम्भीर मानसिक तनावमा परेका थिए र सोही कारण गएराति हृदयघात बजाज परिवारको गुनासो छ।

स्थानीयवासीले २४ घन्टासमेत समय नदिई गरिएको तोडफोडले मानवीय संवेदनामाथि ठेस पुगेको बताएका छन्। वीरगंजको मुख्य व्यापारिक केन्द्र मानिने उक्त क्षेत्रमा करिब १२ सय संरचना हटाइएको र त्यसबाट झन्डै ४८ सय घरपरिवार तथा साना-ठूला व्यवसाय प्रत्यक्ष प्रभावित भएका छन्।

मृतक बजाज शारीरिक रूपमा अशक्त समेत रहेको र आदर्शनगर स्थित रुँगटा मार्केटमा 'मुरारी स्टोर्स' सञ्चालन गर्दै आएका थिए। उनीजस्ता दैनिक आम्दानीमा निर्भर व्यवसायीहरू विस्थापित हुँदा जीवनयापनमा समस्या उत्पन्न भएको स्थानीय व्यापारीहरूको भनाइ छ।

सडक विस्तार दीर्घकालीन विकासका लागि आवश्यक भए पनि यसको कार्यान्वयन शैली अमानवीय भएको भन्दै कतिपयले आपत्ति जनाएको छ। पूर्वतयारी, पर्याप्त समय तथा वैकल्पिक व्यवस्था विना गरिएको यस्तो कदमले मानवअधिकार उल्लंघनको प्रश्न उठाएको पिडितहरूको दाबी रहेको छ।

यसैबीच, विस्थापित भएका व्यवसायी धेरै परिवार मानसिक तनाव र डिप्रेसनको शिकार बनेको स्थानीयले बताएका छन्। उक्त घटनाले विकास र मानवीय संवेदनाबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

# तस्करीको सामान नियन्त्रणमा



**टुडे समाचारदाता**

मलंगवा । भारतीय सुरक्षाकर्मीले सर्लाहीका विभिन्न सीमा नाकाबाट भारततर्फ तस्करी गरी पठाइएको चिनियाँ सामान नियन्त्रणमा लिएका छन्।

जिल्लाको सखुअवा र संग्रामपुर नाका प्रयोग गरी भारत पुर्‍याइएको चिनियाँ लसुन र काँक्रोको बीउ भारतीय सशस्त्र सीमा बल (एसएसबी)को टोलीले बरामद गरेको हो।

भारतको सीतामढी जिल्लाअन्तर्गत लालबन्दी नाकामा खटिएको एसएसबी टोलीले दुई वटा महिन्द्रा बोलेरो पिकअपबाट ठूलो परिमाणमा सामान बरामद गरेको जनाएको छ।

बरामद गरिएको चिनियाँ लसुन ६७ पोका अर्थात् करिब १ हजार २०६ किलोग्राम रहेको छ भने काँक्रोको बीउ ३ हजार ७२४ किलोग्राम फेला परेको छ। तस्करीमा संलग्न दुई जना व्यक्ति र प्रयोग गरिएको गाडीसमेत नियन्त्रणमा लिई थप कारबाहीका लागि सोनबरसा भन्सार कार्यालय, सीतामढीमा बुझाइएको भारतीय पक्षले जनाएको छ।

सीमावर्ती क्षेत्रमा यति ठूलो परिमाणमा तस्करीको सामान फेला पर्नुले सर्लाही नाका हुँदै हुने अवैध कारोबार अझै सक्रिय रहेको स्थानीयको आरोप छ। लामो समयदेखि सर्लाही जिल्ला तस्करीको मुख्य मार्गका रूपमा चिनिँदै आएको छ। तस्करी नियन्त्रण गर्न पटक पटक आवाज उठदै आएपनि प्रहरीकै सेटिङ्गमा तस्करी मौलाएको आरोप लाग्दै आएको छ।

# पर्सामा कांग्रेसको 'जरा अभियान' शुरु

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा जिल्लामा पनि नेपाली कांग्रेसले संगठन सुदृढीकरणका लागि सञ्चालन गरेको 'जरा अभियान' शनिबारदेखि औपचारिक रूपमा सुरु गरिएको छ।




पार्टी केन्द्रीय समितिको निर्देशन अनुसार वैशाख १ गतेदेखि ७७ वटै जिल्लामा अभियान सुरु हुनुपर्ने भए पनि पर्सामा भने ढिलाइ हुँदै शनिबार वीरगन्ज-२४ रामगढवास्थित पार्टी कार्यालयमा कार्यक्रम गरी अभियानको थालनी गरिएको छ।

पार्टी संगठनलाई आधार तहसम्म सुदृढ बनाउने उद्देश्यसहित सुरु गरिएको यो एक महिने अभियान अन्तर्गत क्रियाशील सदस्यता अद्यावधिक, नयाँ सदस्यता वितरण तथा नागरिक संवाद जस्ता गतिविधि सञ्चालन गरिनेछ। डिजिटल प्रणालीमार्फत सदस्यता अद्यावधिक गर्दै पार्टीलाई पुनः सक्रिय बनाउने लक्ष्य राखिएको छ।

कांग्रेस महामन्त्री प्रदीप पौडेलका अनुसार वैशाखभर सञ्चालन हुने अभियानमा सदस्यता अद्यावधिकको प्राविधिक प्रक्रिया अघि बढाइएको छ। यसका लागि केन्द्रीय प्रतिनिधिहरूलाई प्रशिक्षण दिइएको तथा प्राविधिक टोली पनि परिचालन गरिएको छ।

उनका अनुसार अभियानको उद्देश्य पार्टीलाई 'जरा' अर्थात् आधार तहसम्म पुगेर पुनः सुदृढ बनाउनु हो। हाल कांग्रेसका ८ लाख ६३ हजार क्रियाशील सदस्य रहेका छन्, जसमा करिब एक लाख सदस्यको विवरण अपूर्ण वा त्रुटिपूर्ण रहेको बताइएको छ।

कांग्रेस पर्साका सभापति तथा मधेस प्रदेशका पूर्वमन्त्री जनार्दन सिंह क्षेत्रीको अध्यक्षता तथा पूर्वमन्त्री रमेश रिजालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा पूर्वमन्त्री सुरेन्द्र चौधरी, अजय चौर सिया, मधेस प्रदेशका कृषिमन्त्री श्याम पटेल, कांग्रेस पर्साका जिल्ला सचिव तथा वीरगन्ज महानगरका उपमेयर इम्तियाज आलम, सहसचिव नवीन सिंह लगायत नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

# नक्कली डिआईजी पक्राउ

**टुडे समाचारदाता**

लहान। सिरहाबाट नक्कली डिआईजी बनेर रकम ठगी गर्ने गरेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन्। उनीमाथि विभिन्न व्यक्तिसँग प्रहरीको असईमा नाम निकाली दिन्छु भनेर रकम ठगी गरेको आरोप छ।



पक्राउ पर्नेमा सिरहाको गोलबजारबाट सुखिपुर बलही निवासी सुरेन्द्र यादव रहेका छन्। उनले आफू चितवनका डिआईजी हुँ भनी चिनाउँदै गोलबजार नगरपालिका वडा नं. ४ का सरवन मण्डल, फिरन ठाकुर, राजु मण्डल, अमित साह लगायत अन्य व्यक्तिहरूसँग लाखौं रुपैयाँ ठगी गरेको आरोप लागेको छ।

ठगीमा परेका व्यक्तिहरूले नै सुरेन्द्र यादवलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गोलबजारमा बुझाएका छन। प्राप्त जानकारी अनुसार यादवमाथि जिल्ला प्रहरी कार्यालय सिरहामा मुद्दा समेत चलिरहेको र गत मँगलबार १५ गते उनको पेशी समेत रहेको बुझिएको छ।

# सवारी दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । बसको ठक्करबाट धनुषामा मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा महोत्तरीको पिपरा गाउँपालिका-७ निवासी २१ वर्षीय अतुल चौधरी रहेको जनाइएको छ।

शनिबार दिउँसो धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ स्थित पूर्वपश्चिम राजमार्गमा चितवनबाट पूर्व गाईघाटतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १०११ नम्बरको बसले र विपरीत दिशाबाट आउँदै गरेको मधेश प्रदेश ०२-०१० प १२३७ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका चौधरीलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ।

मोटरसाइकलमा पछाडि सवार महोत्तरीको जलेश्वर नगरपालिका-१, की २३ वर्षीया राघनी कुमारी महत्तो गम्भीर घाइते भएकी छन्। उनको जनकपुरस्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ।

बस र चालक बारा जितपुर सिमरा उपमहानगरपालिका-१४, का ३७ वर्षीय युवराज राईलाई प्रहरी नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८